# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ५, अङ्क २४, पूर्णाङ्क २१९ | २०७६ मङ्सिर २५ गते बुधबार | Wednesday, 11 Dec 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## प्रतिरोध सङ्घर्षका लागि बाध्य नपार्न नेकपाको चेतावनी

■ रातो खबर संवाददाता/काठमाडौं

नेकपाले सरकारलाई अन्धाधुन्ध गिरफ्तारी, यातना र हत्या गरेर गैरराजनीतिक, गैरकानुनी, कायरतापूर्ण र अमानवीय हर्कत नगर्न चेतावनी दिएको छ। पार्टीको चेतावनीलाई ध्यान नदिई यस्ता हर्कत जारी राखेमा प्रतिरोध सङ्घर्षमा उत्रिन बाध्य हुने पनि नेकपाले जनाएको छ। पार्टीका ब्युरो सदस्य तथा सिन्धुली जिल्ला सेक्रेटरी कपिललाई प्रहरीले गिरफ्तार गरेको सन्दर्भमा ब्युरो इन्चार्ज अरुणले विज्ञप्ति जारी गरी यस्तो चेतावनी दिएका हुन्।

... बाँकी पृष्ठ ५ मा

# वली सरकारको आत्मसमर्पण

■ रातो खबर संवाददाता/काठमाडौं

प्रधानमन्त्री केपी शर्मा वली नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले गरेका राष्ट्रघात एवम् जनघातका कारण देश दिन-प्रतिदन समस्यामा फस्दै गएको छ। जनताका समस्याहरू दिनप्रतिदिन जर्जर बन्दै गएका छन्। राजनीतिक, आर्थिक, सांस्कृतिकलगायत क्षेत्रमा विदेशी हस्तक्षेप बढिरहेको छ। राष्ट्रियताको सवाल निकै गम्भीर बनिरहेको बेला नेपालका शासकहरू पालैपालो भारतीय शासकका सामु लम्पसार परिरहेका छन्। यो आत्मसमर्पणवादी चरित्र हो।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल दिनदिनै विकराल बन्दै गएको छ। दलालहरूले कब्जा गरेको बजारमा उभयोग्य वस्तुको मूल्य कतिसम्म बढेको छ भने सामान्य किराना पसलमा प्याजको मूल्य 'अढाइ डलर' भनेर मूल्यवृद्धि चियागफको विषय बन्ने गरेको छ। सरकारी रबैयाकै कारण जनतामा व्यापक असन्तुष्टि र आक्रोश पैदा भएको छ। जनता केन्द्र सरकार र स्थानीय सरकारले लगाएको दोहोरो करको मारमा परिरहेका छन्। देशको सम्पत्ति दोहन गर्ने विदेशी कम्पनीलाई छूट दिइएको छ तर नाङ्लोमा सामान राखेर बेच्ने नाङ्ले व्यापारी, किसानले पालेको एउटा कुखुरामा समेत




कर लगाएर जनताको ढाड सेकिएको छ।

कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत नेपाली भूमि भारतीय साम्राज्यवादले आफ्नो नक्सामा पारेपछि नेपाली जनतामा अभूतपूर्व राष्ट्रिय जागरण र एकता पैदा भएको छ। राष्ट्रियताका पक्षमा उठेको नागरिकको आवाज र जागरणलाई मत्थर पार्न लम्पसारवादी सरकारले खोक्रो प्रचार मात्र गरिरहेको छ। वास्तवमा राष्ट्रियता रक्षाका लागि केही गरेको छैन र गर्नसक्ने

बाँकी पृष्ठ ७ मा

## जनपत्रकारलाई जनपक्षीय पत्रकारिता तालिम



■ रातो खबर संवाददाता/सेम

जनपत्रकार सङ्गठन, नेपाल सेती-महाकाली क्षेत्रीय समन्वय समितिको आयोजनामा जनपक्षीय पत्रकारिता तालिम सम्पन्न गरिएको छ। नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो इन्चार्ज ओमप्रकाश पुनको प्रमुख आतिथ्यमा भएको तालिम समापन कार्यक्रममा प्रमुख अतिथि पुन, जनपत्रकार सङ्गठनका अध्यक्ष प्रकाश डुम्रे, महासचिव हिम बिष्ट, नेपाल पत्रकार महासङ्घ कञ्चनपुरका अध्यक्ष विष्णु अवस्थी, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीका सेती-महाकाली ब्युरो संयोजक पूर्णिमा धामीलगायतले मन्तव्य राखेका थिए।

तालिममा सुदूरपश्चिम तथा सेती-महाकालीका कैलाली, कञ्चनपुर, बझाङ, बैतडी, डँडेल्धुरा, अछाम,

... बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय जागरण मञ्चले नेपाली भूमि फिर्ता गर्न भारत सरकारलाई दियो अल्टिमेटम




■ रातोखबर संवाददाता/काठमाडौं

राष्ट्रिय जागरण मञ्चले यथाशीघ्र नेपालका अतिक्रमित भूमि फिर्ता गर्न र सीमासम्बन्धी समस्या समाधान गर्न भारत सरकारलाई ज्ञापनपत्र दिएको छ। मञ्चका संयोजक गुणराज लोहनीले मङ्गलबार काठमाडौंस्थित भारतीय दूतावासमार्फत भारत सरकारलाई ज्ञापनपत्र दिएका हुन्।

लोहनीले बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'हाम्रा पुर्खाहरूले रगतपसिना एक बनाएर निर्माण गरेको प्यारो मातृभूमिमा व्यापार गर्न भनी प्रवेश गरेको तत्कालीन इस्ट इन्डिया कम्पनीले आँखा लगाउँदै आएको थियो। अङ्ग्रेजनामक इस्ट इन्डिया कम्पनीले ५ सयभन्दा बढी राज्यमा विभक्त वर्तमान भारतमाथि साम्राज्यवादी पञ्जाले जकडेको थियो। उसका अनेकौं हर्कतहरूलाई

... बाँकी पृष्ठ ७ मा

## सरकारलाई मानव अधिकार आयोगको प्रश्न

### कुमारका हत्यारालाई किन कारबाही भएन ?

■ रातोखबर संवाददाता/काठमाडौं

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका सर्लाही इन्चार्ज कुमार पौडेलको गैरन्यायिक हत्यामा संलग्न व्यक्तिहरूलाई कारबाही नगरेकोप्रति राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई पटकपटक ध्यानाकर्षण गराएको छ। आयोगले पौडेललाई गोली हानी हत्या गर्ने प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह तथा हबल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन नेपाल प्रहरी र सरकारलाई निर्देशन दिएको थियो। साहसहित तीनैजना प्रहरी २ नं. प्रदेशमा कार्यरत रहेको बताइएको छ।

आयोग अध्यक्ष अनुपराज शर्माले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष मानवअधिकार र कानुनलाईसमेत उल्लङ्घन गर्नेलाई सरकारले उन्मुक्ति दिएको भन्दै चिन्ता व्यक्त गरेका छन्। राष्ट्रपतिसमक्ष आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने क्रममा शर्माले मुलुकमा दोषीले उन्मुक्ति पाइरहेको र दण्डहीनता बढिरहेकोमा चिन्तासमेत प्रकट गरेका हुन्।

मानवअधिकार आयोगलगायत सबै संवैधानिक

... बाँकी पृष्ठ ७ मा

## उपनिर्वाचनको सङ्केत

■ रातोखबर संवाददाता/काठमाडौं

५२ रिक्त पदका लागि उपनिर्वाचन सम्पन्न भएको छ। निर्वाचनमा सत्तारूढ पार्टीले जितेका ठाउँमा काङ्ग्रेस र काङ्ग्रेसले जितेको ठाउँमा सरकारमा रहेको पार्टीले जितेका छन्। चुनाव परिणामले मतादेश परिवर्तनका पक्षमा देखिएको छ। विकल्पहीनताको अवस्थामा मतदाताको विकल्प 'तावाबाट हाम्फालेर भुङ्ग्रोमा' भनेझैं भएको छ।

महाकाली बेचेको आरोप पखाल्न नसकिरहेका प्रम केपी वलीभन्दा काङ्ग्रेसका शेरबहादुर देउवाले चर्को राष्ट्रवादको कार्ड प्रयोग गरे। सत्तारूढ पार्टीले देउवाको 'राष्ट्रवादी' कार्डलाई छिचोल्न सकेन। भारतले गरेको सीमा अतिक्रमण र सरकारप्रति अविश्वास पनि कारक बन्न गयो। नेकपामाथिको प्रतिबन्ध, जनविरोधी, अनुदारवादी विधेयक र राष्ट्रिय अखण्डताका लागि भएका जनप्रतिरोधविरुद्ध सरकारको दमन-नीति प्रत्युत्पादक भयो। चीनका राष्ट्रपतिको भ्रमणले भोलि नै रेल चल्ने, विकासको मूल फुट्ने भनेर गरिएको 'प्रोपोगान्डा' पनि पानीको फोकासरह भयो। परिणाम निराशा नै फल्यो। सरकारको आर्थिक भूमिका सचेत तप्कामा ठूलो निराशाको कारण बन्यो। सेयर बजार निरन्तर ओरालो लागेको छ। अमेरिका, युरोप, चीन र भारतको अर्थव्यवस्था निरन्तर मन्दी बेहोरिरहेका छन्। सन् २००८ स्तरकै मन्दीको

समाचार विश्लेषण

... बाँकी पृष्ठ ७ मा

## नेकपाले गऱ्यो देशभर नेपालको नक्सा प्रदर्शन

### आफूहरू मर्न तयार रहेको तर नेपालको भूमि गुम्न नदिने प्रतिबद्धता

■ रातोखबर संवाददाता

काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीले देशभर नेपालको वास्तविक नक्सा प्रदर्शन गरेको छ। पार्टीको दोस्रो चरणको पूर्वघोषित सङ्घर्षको कार्यक्रमअनुसार नेकपाले बिहीबार देशभर विशाल नेपालको नक्सा प्रदर्शन गरेको हो।

कालीकोटबाट प्राप्त समाचारअनुसार नक्सा प्रदर्शन कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी कालीकोटका सेक्रेटरी रणदीपले आफूहरू बरु मर्न तयार रहेको तर आफ्नो भूभाग गुम्न नदिने बताए। पार्टीको दोस्रो चरणको केन्द्रीय कार्यक्रमअनुसार बिहीबार भएको विशाल नेपालको नक्सा प्रदर्शनमा उनले यस्तो बताएका हुन्।

रणदीपले नेपाल कम्युनिस्ट पार्टीले राष्ट्रियताका पक्षमा बोल्दा प्रतिबन्धित हुनुपरेको स्मरण गराउँदै भारतीय साम्राज्यवादको दादागिरी झन्झन् बढेकाले पुर्खादेखि गुमेको नेपाली भूभाग फिर्ता गराउन आफ्नो पार्टी अन्तिमसम्म लड्ने र आमनेपालीले साथ दिने

... बाँकी पृष्ठ ७ मा

## नेपाली भूभागमाथि भारतीय अतिक्रमणबारे

लिम्पियाधुरा-कालापानी-लिपुलेकलाई गाभेर भारतले नक्सा प्रकाशित गरेपछि नेपाली जनतामा राष्ट्रिय भावना र जागृति छ्चल्किएको छ। राष्ट्रिय एकता सशक्त रूपले व्यक्त भएको छ। तर एउटा गतिलो धारणा र कार्यक्रम दिन नसकेर निरीह बनेको केपी सरकार भने राष्ट्रिय एकता बिथोल्न र फुटाउन लागेको छ। भारतीय अतिक्रमणविरुद्ध लडिरहेको हाम्रो पार्टीमाथि घृणित दमन गरिरहेको छ। नेपाली जनता यसबाट असन्तुष्ट बन्दै गएका छन्।

भारतले नेपाली भूमि कब्जा गरेको नयाँ होइन २०१९ सालपछि हो तर नयाँ पनि हो किनकि उसले नेपाली भूमिमाथिको अतिक्रमणलाई वैधानिकता दिन खोजेको छ। सही प्रकारले प्रतिवाद गरिएन भने नेपालले देशको अङ्ग गुमाउन पुग्नेछ।

भारतको यो अतिक्रमण एक प्रकारले भन्दा नेपाली जनता, विशेषतः केपी सरकारप्रतिको बेवास्ता, अवहेलना र हेपाइ पनि हो। भारत प्रायः संसद्वादी पार्टीहरूलाई आफ्नै पालित पुत्र ठान्छ। उनीहरूको भरणपोषण गरेबापत उसले नेपालको भूमिमा दागा धरेको छ। केपीको लाचारीबाट फाइदा उठाएर नेपाली जनतालाई पनि अपहेलित गर्न खोजेको छ।

भारतले अतिक्रमण गरेको यो भूभाग कुनै विवादित क्षेत्र पनि होइन। नेपालका सीमाविज्ञले यथेष्ट प्रमाणसहित नेपालको हो भनेर प्रमाणित गरेको नेपाली भूभाग हो। यतिसम्म कि २०१८ सालसम्म नेपाली सरकारी प्रतिनिधि भैरव रिसालहरूले जनगणना गरेको र तिरो उठाएको इलाका हो। यसमा भारतले आफ्नो सैन्य अखडा बनाउनु भनेको अतिक्रमण मात्र होइन, सैन्य अतिक्रमण नै हो। चीनसँगको लडाइँ हारेपछि चीनले भारतको हजारौं किलोमिटर जमिन खाइदिएको छ भनेर कराउने भारतले नेपालको भूभागमा सैन्य अखडा खडा गर्नु भनेको लज्जास्पद, अतिक्रमणकारी, साम्राज्यवादी अतिक्रमण हो।

भारतले बेलाबखत चीनलाई समेत फसाएर वा प्रयोग गरेर नेपाली भूमि खाएको खयै गर्न खोजिरहेको छ। नेपालले लगातार विरोध गरेपछि चीन पछि हट्ने गरेको छ तर यसप्रति चीन पनि गम्भीर बन्न आवश्यक छ। कथम् चीनले नै सहमति दिएछ भने पनि नेपाली भूमि भारतको हुन सक्दैन। नेपाली जनताले त्यो सहन गर्दैनन्।

**देश/परिवेश**

■ विप्लव



अहिले नै भारतले नेपाली भूमिमाथिको अतिक्रमणलाई चर्काउनुको भित्री कारण उसले हालै कास्मिरमाथि गरेको ज्यादतीबाट भारतीय जनताको ध्यान नेपालतिर फर्काउने र देशभित्रको सङ्कटलाई छायामा पार्ने चाल पनि हो। मोदी सरकारले कास्मिरी जनताको अधिकारलाई बलात् छिनेपछि भारतमा ऊ सङ्कटमा परिरहेको छ। हिन्दु अतिवादीहरूबाहेक कोही पनि उसको निर्णयका पक्षमा छैनन्। त्यस आन्तरिक सङ्कटबाट मोदी सरकार फुत्किन चाहन्छ। त्यसैका लागि पनि उसले नेपाली मुद्दालाई यही समयमा उराल्न पुगेको

...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# धरापमा मानवअधिकार

मुलुकमा मानवअधिकारको अवस्था सङ्कटमा छ । मुलुककै अस्तित्वमा प्रश्न उठ्ने गरी भारतीय साम्राज्यवादले नेपालको भूमिमाथि गरेको अतिक्रमण र कब्जाले सिङ्गो जनमत राष्ट्रियताका पक्षमा उभिएको समयमा मानवअधिकार भने झन्झन् खस्किँदै धरापमा परेको छ । शासकहरूले जतिसुकै मानवअधिकार रक्षा, विकास र सुख-समृद्धिको नारा लगाए पनि जनताको वास्तविक जीवन धेरै कहालीलाग्दो छ । सरकारी तहबाट भएका दमन, शोषण, लूट र भ्रष्टाचारको विरोध गर्नेहरूलाई राज्यविप्लवी भन्दै हिरासत र जेलमा सडाइएको छ । राष्ट्रियता धरापमा पर्दै गएको अवस्थामा जनतन्त्र र जनजीविका पनि अत्यन्त सङ्कटमा छन् । यस्तो बेला राष्ट्रियता रक्षा, साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनता र मुक्तिको आन्दोलनमा मानवअधिकार रक्षाको आन्दोलन पनि सँगसँगै लैजानु आवश्यक छ । जनतन्त्र नभएको समाजमा अरू कुनै पनि हकअधिकारका कुरा केवल फोस्रा नारा हुन्छन्, हात्तीको देखाउने दाँतजस्ता ।

हालै मात्र राष्ट्रिय मावअधिकार आयोगका अध्यक्षले मुलुकको मानवअधिकारको अवस्था कमजोर बनिरहेको गुनासो गरेका छन् । अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका सन्दर्भमा उनले यस्तो चिन्ता व्यक्त गरेका हुन् । यसै सन्दर्भमा जनअधिकार अभियान नेपालले काठमाडौँमा बृहत् अन्तरक्रिया गर्दै मुलुकको मानवअधिकारको स्थिति ज्यादै नै कमजोर बनेको निष्कर्ष निकालेको छ । अभियानले भनेको छ, 'मानवअधिकारप्रति नेपालले अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्र भएर प्रतिबद्धता जनाएको छ । संविधानमा वैयक्तिक स्वतन्त्रतालगायत थुप्रै मौलिक हकहरू व्यवस्था गरेको छ तर आजसम्म पनि किन नेपालमा राजनीतिक आस्थाका बन्दीहरू छन् ? अदालतले राजनीतिक विचार र आस्थाका आधारमा पक्राउ गर्न, थुनामा राख्न हुँदैन भनेर बन्दीलाई तुरुन्त छोड्न आदेश दिन्छ तर अदालतको गेटबाटै किन पुनःपुनः मानिस पक्राउ गरी बन्दी बनाइन्छ ? बन्दीलाई किन थुनामा यातना दिइन्छ ? एकातिर शिक्षा, स्वास्थ्य, रोजगारको हक संविधानमा लेखिन्छ तर अर्कोतिर किन यस्ता क्षेत्र दलालको हातमा दिइन्छ ? कार्यान्वयन नगर्नुपर्ने मौलिक हकहरू संविधानमा किन लेख्नु ?'

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा निरन्तर आवाज उठाउँदै आएको एक जिम्मेवार संस्थाले राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षसमेत सहभागी कार्यक्रममा प्रस्तुत गरेर पारित गरेको आधारपत्रमा उल्लिखित यसप्रकारका गम्भीर प्रश्नहरूले नेपाली जनताको मानवअधिकारको अवस्थाको एक चित्र प्रस्तुत गर्छ ।

सबैलाई थाहा छ, नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ नेपालका लागि पनि बाध्यकारी दस्तावेज हो । 'सबै मानव जन्मसिद्ध स्वतन्त्र हुन् । ती सबैको समान प्रतिष्ठा र अधिकार छ । उनीहरूको विवेक, शक्ति र अन्तस्करणयुक्त भएकाले एकआपसमा भ्रातृत्वको भावना लिई व्यवहार गर्नुपर्छ' भन्ने प्रावधान यसको धारा १ मा उल्लेख छ । नेपालमा बनेका संविधानहरूमा २०१५ सालको नेपाल अधिराज्यको संविधानमा, नेपालको संविधान २०१९ मा, नेपाल अधिराज्यको संविधान २०४७ मा समेत वैयक्तिक स्वतन्त्रताको हकको व्यवस्था थियो । वर्तमान नेपालको संविधानमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्दै मृत्युदण्डको सजाय दिने गरी कानुनसमेत नबनाइने प्रत्याभूत गरेको छ । विचार र अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रतालगायत स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरेको छ । न्यायको हक, निःशुल्क शिक्षा र स्वास्थ्यको हक, रोजगारीको हक, खाद्यसम्बन्धी हक, आवासको हकसमेतका हकहरूको व्यवस्था गरिएको छ । तर कार्यान्वयनमा हेर्ने हो भने नेपाली जनताले यी हकको प्रयोग गर्न पाएको अवस्था छैन । सबभन्दा ठूलो कुरा मानिसको वैयक्तिक स्वतन्त्रताको हक हो । वैयक्तिक स्वतन्त्रताको उपभोग नागरिकहरूले गर्न पाएका छैनन् । अभियानले भनेको छ, 'विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धितसरह व्यवहार गरिएको छ । तिनका थुप्रै नेता-कार्यकर्ता राजनीतिक विचार र आस्था राखेकै कारण यतिखेर विभिन्न झूट्टा मुद्दा लगाएर देशका विभिन्न प्रहरी हिरासत र जेलमा छन् । त्यति मात्र होइन, मुठभेटका नाममा आफ्नो नियन्त्रणमा लिएर राज्यका सुरक्षाकर्मीद्वारा मारिएका छन् । प्रहरी हिरासतमा यातना दिइएको छ । संविधानमा अदालतको फैसला सबैले मान्नुपर्छ भनिएको छ तर अदालतले थुनामा राखिएको व्यक्तिलाई निर्दोष भन्दै छोड्ने आदेश गर्छ तर तुरुन्त अदालत परिसरबाटै पुनः नियन्त्रणमा लिएर अर्को झूट्टा मुद्दा लगाएर थुनामा राखिन्छ । यो आजको यथार्थ हो ।' अभियानले प्रश्न उठाएको छ, संविधानमा लेख्ने तर कार्यान्वयन नगर्ने ? यो संविधानमा लेखिएको कुरा कार्यान्वयन नहुनु पात्रको दोष हो ? वा प्रणालीको दोष हो ? पात्रको दोष हो भनी मान्ने हो भने १९ सालदेखि आजसम्म वैयक्तिक स्वतन्त्रता, समानता किन कार्यान्वयन भएनन् ? के आजसम्म एउटा पनि संविधानको कार्यान्वयन गर्नसक्ने पात्रको जन्म नै हुन सकेन । जानीजानी भ्रष्टलाई नै अख्तियारको जिम्मा दिइनु, जाली प्रमाणपत्रधारीलाई न्यायाधीश पदमा नियुक्त गर्नु पात्रको दोष हो वा पद्धतिको दोष हो ? सहजै भन्न सकिन्छ त्यस्तो नियुक्ति नगर्ने हो भने पात्रको कुर्सी ढल्न सक्छ । त्यसैले पात्रलाई सञ्चालन गर्ने दलालहरू हुन् भनेर सजिलै भन्न सकिन्छ किनकि संसदीय प्रणालीको प्राण नै दलाल पुँजीपति नै हुन्छन् । त्यसकारण संविधानमा लेखिएको कुरा कार्यान्वयन हुनै सक्दैन । कार्यान्वयन हुने हो भने दलाल सत्ता टिक्नै सक्दैन । उसो भए कार्यान्वयन नहुने मानवअधिकार र मौलिक हकका कुरा संविधानमा किन लेख्ने ? यी प्रावधान संविधानमा नलेख्दा दलाल पुँजीपतिको सत्ता रहनै सक्दैन । त्यसैले संसदीय पद्धतिको संविधानमा यस्ता मीठा मौलिक हक र मानवअधिकारका कुरा लेख्नु दलाल पुँजीपति राज्यव्यवस्थाको प्राण हो । लेखेका कुरा कार्यान्वयन गर्नु उसको मृत्यु हो । सत्ता बचाउन संविधानमा लेखिन्छ तर कार्यान्वयन गरिँदैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ — रातो खबर साप्ताहिक

# मार्क्सवादको विकासमा माओका योगदानहरू



सुदर्शन

'माओ हाम्रो जमानाका महानतम् क्रान्तिकारी र महानतम् मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो । उहाँले पचास वर्षभन्दा बढी चिरस्मरणीय सङ्घर्षहरूमा चिनियाँ जनताको नेतृत्व गर्नुभयो र हरेक देशका श्रमजीवी एवम् उत्पीडित जनतालाई उत्प्रेरणा तथा उज्यालो प्रदान गर्नुभयो । उहाँको मार्गनिर्देशनमा नै साम्राज्यवादको नियन्त्रणमा पिछडिएको चीन साम्राज्यवाद र प्रतिक्रियावादका विरुद्ध लड्ने अन्तर्राष्ट्रिय सर्वहारावर्गको सबैभन्दा उन्नत धरोहर, विश्वक्रान्तिको दीप र किल्लामा रूपान्तरण भएको छ । विश्वव्यापी क्रान्तिकारी आन्दोलनमा, अन्तराष्ट्रिय श्रमजीवी वर्गको क्रान्तिकारी विज्ञान मार्क्सवाद-लेनिनवादमा र यसका सम्पूर्ण वर्गविभेदहरू उन्मूलन गर्ने र साम्यवादी युगलाई स्वागत गर्ने ऐतिहासिक कार्यभारमा माओ त्सेतुङका योगदानहरू अमर छन् ।'

बब अभाकियन, माओ त्सेतुङका अमर योगदानहरू, पृ. १, १९७९, भारतमा राहुल फाउन्डेसनद्वारा अङ्ग्रेजीमै पुनमुर्द्रण ।

हामी २६ डिसेम्बरमा विश्व-सर्वहारा वर्गका महान् नेता तथा मार्क्सवादलाई वर्गसङ्घर्ष र अन्तरपार्टी सङ्घर्षमा विजयी हुँदै नयाँ, उच्च र तेस्रो चरणमा विकास गर्ने प्राधिकार अध्यक्ष माओलाई पुनःस्मरण गर्दैछौँ । १२७ औँ माओ दिवसका अवसरमा हामी उहाँका योगदानहरूबारे व्याख्या गर्दैछौँ । नेपाली र विश्वका श्रमजीवी तथा उत्पीडित जनतालाई साक्षी राखेर नेपालमा हामी एकीकृत जनक्रान्ति पूरा गर्ने र वैज्ञानिक समाजवाद लागू गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौँ । यहाँ हामी विशेष रूपले माओका अमर योगदानको चर्चा गर्नेछौँ ।

१ दर्शनशास्त्रमा माओको योगदान

प्रथमतः माओले दर्शनलाई ज्ञान सिद्धान्तका रूपमा परिभाषित गर्नुभएको छ । उत्पादनका लागि सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगबाट नै ज्ञान सिद्धान्तको विकास हुन्छ । ज्ञानका दुई छलाङ हुन्छन् : इन्द्रियग्राह्य ज्ञान र बुद्धिसङ्गत ज्ञान । यहाँ उल्लिखित ज्ञानका तीन स्रोतबाट मानवमस्तिष्कमा जुन वस्तुगत जगत् प्रतिबिम्ब हुन्छ त्यसलाई पाँच इन्द्रियको सूचनाबाट आउने भएकाले इन्द्रियग्राह्य ज्ञान भनिन्छ । दिमागमा प्रतिबिम्बित वस्तुहरूका विषयमा प्रश्नहरू जन्मन्छन् । मानौँ हामीले सिस्नु भन्ने वनस्पतिले पोल्छ भन्ने कुरा स्पर्शद्वारा ज्ञान गर्‍यौँ । यो इन्द्रिग्राह्य ज्ञान हो । सिस्नुले किन पोल्छ भन्ने प्रश्नको जबाफ पटकपटकको प्रयोगद्वारा दियौँ भने त्यो बुद्धिसङ्गत ज्ञान हो । जस्तो कि सिस्नुले पोल्नुको कारण वैज्ञानिकहरूले मिठ्ठाइन क्याप्सिन नामक तत्व हो भन्ने कुरा पत्ता लगाए । व्यवहार-ज्ञान-व्यवहार यही नै ज्ञान प्रक्रिया हो ।

द्वितीयतः माओले भौतिकवादी द्वन्द्ववादको विकास गर्नुभएको छ । लेनिनले 'भौतिकवाद र आनुभविक आलोचनावाद' नामक कृतिमा द्वन्द्वात्मक भौतिवाद विकास गर्नुभयो । उहाँले १९१४-१९१६ भित्र तयार पारेको दार्शनिक नोटबुकमा भौतिकवादी द्वन्द्ववादको विकास गर्ने योजनाअनुरूप बृहत् तयारी गर्नुभएको थियो । अक्टोबर क्रान्तिको तयारी, त्यसको विजय र त्यसको विकासको आवश्यकताले यो महान् कर्यभार पूरा हुन पाएन । सन् १९१४ मा लेनिनले द्वन्द्ववादका १६ तत्वहरूबारे नोट गर्नुभयो, 'कसैले सायद यी तत्वहरूलाई अति विस्तार पूर्वक यसरी प्रस्तुत गर्न सक्नेछ :

१) वस्तुनिष्ठ अवलोकन (उदाहरण होइन, विषयान्तर होइन, बरु जस्ताको तस्तै वस्तु)

२) हरेक वस्तुको अर्को वस्तुसँग बहुआयामिक सम्बन्धमाथि सम्पूर्णतामा

३) वस्तुको विकास (परिघटना, क्रमशः यसको आफ्नो गति, यसको आफ्नो जीवन)

४) वस्तुभित्र आन्तरिक रूपले अन्तरविरोधी प्रवृत्ति (र '''..आयाम)

५) सार र विपरीतहरूको एकताका रूपमा वस्तु (परिघटना, विषय आदि)

६) विपरीतहरूको सङ्घर्ष (क्रमशः उद्घाटन, अन्तरविरोधी सङ्घर्ष आदि)

७) विश्लेषण र संश्लेषणको एकता- पृथक् भागहरू र समग्रतालाई टुक्र्याउनु यी भागहरूको योग

८) प्रत्येक वस्तु (परिघटना, प्रक्रिया आदि) को सम्बन्ध बहुआयामिक होइन, बरु सामान्य, सर्वाभौम हुन्छ । प्रत्येक वस्तु (परिघटना, प्रक्रिया आदि) प्रत्येक अन्यसँग जोडिएको हुन्छ ।

९) विपरीतहरूको एकता मात्र होइन, बरु हरेक सङ्कल्पको गुण, विशेषता, पक्ष, गुण धर्म प्रत्येक अर्कोमा सङ्क्रमण, यसको विपरीत ?

१०) नयाँ पक्षहरू, सम्बन्ध आदिको खोजीमा अनन्त प्रक्रिया

११) वस्तु, परिघटना, प्रक्रिया आदिको रूपदेखि सारसम्म, कम गहन सारबाट अधिक गहन सारसम्म मानव ज्ञान गहिरिँदै जाने अनन्त प्रक्रिया

१२) सहअस्तित्वको कारकतासम्म, सम्बन्ध र अर्कोसँग पारस्परिक निर्भरतादेखि अझ बढी गहनतर, अझ बढी सामान्य रूपसम्म

१३) तल्लो चरणका कतिपय लक्षण, विशेषता आदि माथिल्लो चरणमा पुनरावृत्ति

१४) पुरानोतिर स्पष्टतः फर्कनु (निषेधको निषेध)

१५) सारको रूपसँग सङ्घर्ष र यसको विपरीत रूप हटाउनु, सारको रूपान्तरण र

१६) मात्राको गुणमा सङ्क्रमण र यसका विपरीत (१५ र १६ बुँदाका) उदाहरण हुन् ।'

यी बुँदाको सारसङ्क्षेपमा उहाँले लेख्नुभएको छ, 'सङ्क्षिप्तमा द्वन्द्ववादलाई विपरीतहरूको एकताको सिद्धान्तका रूपमा परिभाषित गर्न सकिन्छ । यसैमा द्वन्द्ववादको सार समावेश छ तर यसले व्याख्या र विकासको माग गर्दछ ।'

(लेनिन, दार्शनिक रचनाहरू : मार्क्सदेखि माओसम्म- अनुवादक सुदर्शन, पृ. ६८-६९) ।

नोटको सुरुमा लेनिनले भन्नुभएको छ, 'कसैले सायद यी तत्वहरूलाई अति विस्तारपुर्वक प्रस्तुत गर्न सक्नेछ । यी १६ तत्वका आधारमा लेनिन वा अरू कसैले पनि विस्तार पूर्वक द्वन्द्ववादको व्याख्या गर्न सक्नेछ । द्वन्द्ववादको सार विपरीतहरूको एकता भए पनि यसले व्याख्या र विकासको माग गर्दछ' भनी उहाँले जोड लगाउनुभएको छ । यो अधुरो कार्यभार बुझ्ने र त्यसलाई पूरा गर्न प्रतिबद्ध हुने दार्शनिक माओ नै हुनुहन्थ्यो । चीनमा माओले सबभन्दा बढी भौतिकवादी यान्त्रिकता र आदर्शवादी अधिभूतवादका विरुद्ध लडनुपरेको थियो । त्यही आवश्यकता र लेनिनले दिएको जिम्मेवारी पूरा गर्न माओ भौतिकवादी द्वन्द्ववादको व्याख्या र विकासका लागि अध्ययनअनुसन्धानमा मात्र होइन, बरु वर्गसङ्घर्ष र अन्तरपार्टी सङ्घर्षमा डटेर लाग्नुभयो। 'वर्गसङ्घर्षबिना दर्शनशास्त्रको कुरा गर्नु भनेको समय खेर फाल्नु हो' भन्ने माओको जीवनदर्शन थियो । उहाँ जहिले पनि किताबी दर्शन र जीवन दर्शनका बीच एकता कायम गर्ने दार्शनिक हुनुहुन्थ्यो । वर्गसङ्घर्ष र दुई लाइन सङ्घर्षका प्रक्रियामा उहाँले व्यवहारबारे (१९३७), अन्तरविरोधबारे (१९३७), द्वन्द्वात्मक भौतिकवाद (१९३८), जनताबीचका अन्तरविरोधहरूको सही सञ्चालनबारे (१९५७), द्वन्द्ववादका उदाहरणहरू (१९५९), सही विचार कहाँबाट आउँछ ? (१९६३), दर्शनशास्त्रका समस्याबारे कुराकानी (१९६४) जस्ता महत्वपूर्ण कृतिहरूको रचना गर्नुभयो । यी कृतिहरू लेनिनको १६ बुँदाका विस्तृत व्याख्या र विकासका परिणाम हुन् ।

भौतिकवादी द्वन्द्ववादको विकास गर्ने प्रक्रियामा उहाँले नै तीन नियमहरूलाई एउटै नियम अन्तरविरोधमा संश्लेषण गर्नुभएको छ । 'दर्शनशास्त्रका समस्याहरूबारे कुराकानी' मा माओले भन्नुभएको छ, 'एङ्गेल्सले तीन नियमको कुरा गर्नुभएको छ तर म तीमध्ये दुईवटा नियम मान्दिनँ । विपरीतहरूको एकता नै सबभन्दा आधारभूत नियम हो । गुण र मात्राको एकअर्कामा रूपान्तरण त मात्रा र गुणजस्ता विपरीतहरूको एकता नै हो, निषेधको निषेध त कतै पनि अस्तित्वमा छैन । मात्रा र गुणको एकअर्कामा रूपान्तरण, निषेधको निषेध र विपरीतहरूको एकताको नियमलाई आमनेसामने समान तहमा राखियो भने अद्वैतवाद होइन, 'त्रैतवाद' हुन्छ 'निषेधको निषेध भन्ने कुरा त हुनै सक्दैन । सकार-नकार-सकार' वस्तुको विकास प्रक्रियामा, हरेक घटना यही शृ‌ङ्खलाबाट अघि बढ्छन् ।'

- माओ, दर्शनशास्त्रका समस्याबारे कुराकानी, अङ्ग्रेजी, ग्रन्थ ९, पृ.१३७, लेखन समय १९६४, श्रमिक वर्ग प्रकाशन हैदराबाद, भारत ।

यहाँ माओले मार्क्सवादी दर्शनशास्त्रका प्राधिकार एङ्गेल्सको आलोचना गर्दै तीन नियमको जडतामा क्रमभङ्ग गर्नुभएको छ । मार्क्स स्वयम्ले के भन्नुभएको थियो भने द्वन्द्ववादले कुनै पनि चीजलाई आफूमाथि हाबी हुन दिँदैन किनभने यो आलोचनात्मक र क्रान्तिकारी छ । यही दृष्टिकोणको प्रयोग गरेर उहाँले तथ्यका आधारमा र जीवनको भोगाइका आधारमा सत्य कुरा पत्ता लगाउनुभयो । लेनिनले संश्लेषण गर्नुभएको तर व्याख्या र विकास गर्न बाँकी रहेको विपरीतहरूको एकतालाई ' अन्तरविरोधबारे' नामक प्रसिद्ध रचनामा माओले विशद् व्याख्या र विकास गर्नुभयो । आफ्नो समयमा विकास भएको परिस्थितिको अध्ययनअनुरूप जति गहिराइ र उचाइमा उहाँ पुग्नुभयो त्यति नै गहिराइ र उचाइमा द्वन्द्ववादको विकास गर्नुभयो । निषेधको निषेध भन्ने नियम त हुनै सक्तैन भनी जोडदार रूपमा खण्डन गर्ने आँट गर्नुभयो । यही प्रक्रियामा नै उहाँले द्वन्द्ववादी स्टालिनको रक्षा गर्दै आंशिक रूपले अधिभूतवादी स्टालिनको विरोध गर्नुभयो । उहाँले इतिहासको आलोचनात्मक अध्ययनबाट वर्तमान क्रान्तिको बाटो स्पष्ट र उज्यालो पार्नुभयो । यही कारणले गर्दा चीनमा क्रान्ति सम्पन्न भयो । विश्वक्रान्तिको लहर अघि बढ्यो । अन्ततः लेनिनको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विकास र माओको भौतिकवादी द्वन्द्ववादको विकासले मार्क्सवाद सापेक्षतामा परिपूर्ण बन्यो । यसले गर्दा सर्वहारा वर्ग एवम् उत्पीडित वर्गको बौद्धिक हतियारले विजय हासिल गर्दै गएको हो ।

तृतीयतः माओले 'दुई एकमा समायोजन हुन्छन' भन्ने ल्यु साओ-चीको दर्शनमा खण्डन गर्दै 'एक दुईमा विभाजन हुन्छ' भन्ने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन लागू गर्नुभएको छ । ल्यु साओ-ची वर्गसमन्वय गरेर पुँजीवादको पुनर्स्थापना गर्न चाहन्थे । माओ समाजवादमा पनि वर्गसङ्घर्ष जारी रहन्छ भन्ने कुरा स्पष्ट पार्न चाहनुहुन्थ्यो । पार्टी, पार्टीभित्र रहेका व्यक्ति, समाज र पदार्थको सूक्ष्म कणदेखि ब्रह्माण्डसम्म हरचीज दुईमा विभाजन हुन्छन् किनभने हरेक वस्तु विपरीतहरूको एकत्व हो । समाजमा साम्यवाद आएपछि पनि एक दुईमा विभाजन हुन्छ । स्वयम् मानव जाति पनि जीवन र मृत्युको विपरीत प्रक्रियाबाट अघि बढ्छ । यो प्रक्रियामा उहाँले विश्लेषण र संश्लेषणको द्वन्द्ववाद विकास गर्नुभएको छ । विश्लेषण गर्दै जाँदा संश्लेषण हुन्छ र संश्लेषण गर्दै जाँदा विश्लेषण हुन्छ । हरवस्तु विश्लेषणयोग्य हुन्छ भन्ने कुरा एक दुईमा विभाजनको पुष्टि हो ।

चतुर्थतः माओले युद्ध दर्शनको व्यवस्थित विकास गर्नुभएको छ । दीर्घकालीन युद्धको कार्यदिशामा उहाँले भन्नुभएको छ, 'राजनीति रक्तपातहीन युद्ध हो र युद्धचाहिँ रक्तपातयुक्त राजनीति हो ।' राजनीति र युद्धको द्वन्द्वात्मक सम्बन्ध उहाँले स्पष्ट पार्नुभएको छ । 'युद्ध र रणनीतिका समस्याहरू' शीर्षकको सैन्य कृतिमा उहाँले भन्नुभएको छ, 'बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउन जरुरी छ ।' यही नै माओको युद्धदर्शन हो । यसमा धेरै व्याख्या आवश्यक छैन ।

पञ्चमतः माओले सबभन्दा महत्वपूर्ण र शक्तिशाली दर्शन निरन्तर क्रान्तिको दर्शन दिनुभएको छ । माओले आफ्नो जीवनमा तीनवटा क्रान्ति गर्नुभयो । समाजवादी क्रान्तिमा पुग्न सबभन्दा पहिले २५ वर्ष लडेर नयाँ जनवादी क्रान्ति गर्नुभयो । जब समाजवाद लागू गर्न अघि बढ्दै हुनुहुन्थ्यो त्यतिबेला ल्यु सा-ओची र तङ साओ-फेङले अझै पुँजीवादको विकास नगरी समाजवादमा पुग्न सकिन्न भन्दै बाटो छेक्ने दुस्साहस गरे । परिणामस्वरूप १९५७ मा फेरि समाजवादमा फड्को हान्ने स्थिति बन्यो । यो दोस्रो क्रान्ति थियो । तेस्रो, माओकै शब्दमा ' दाह्रा-नङ्ग्रा देखाएर आउने बाघभन्दा दस गुणा डरलाग्दा बाघ, साधारण ब्वाँसोभन्दा भेडाको छाला ओढेका दस गुणा पापी ब्वाँसो, साधारण गोलीभन्दा चिनीले बेरिएका दस गुणा विध्वंसक् गोली' का विरुद्ध समाजवादमा लड्नुपर्ने भयो । त्यसका विरुद्धको लडाइँ सांस्कृतिक क्रान्ति थियो । १९६६ देखि आफ्नो मृत्युसम्म उहाँले महान् सर्वहारा सांस्कृतिक क्रान्ति अर्थात् सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति लड्नुभयो । सांस्कृतिक क्रान्तिको उद्देश्य भनेको उहाँले भन्नुभएको छ, 'सांस्कृतिक क्रान्तिको उद्देश्य विश्वदृष्टिकोणको समस्या समाधान गर्नु हो । यो त संशोधनवादका जरा उखेल्ने प्रश्न हो ।'

राजनीतिक क्रान्तिमा वर्गदुस्मन त सत्ताच्यूत भयो तर स्वयम् क्रान्तिकर्तामै रहेको पुरानो विचारधारा, विरासत, आनीबानी, रीतिरिबाजको आदत सत्ताच्यूत हुन सकेन । मार्क्सले भन्नुभएअनुसार 'वर्गविभेदको अन्त्य गर्न वर्गविभेद आधारित हुने सम्पूर्ण उत्पादन सम्बन्धहरूलाई अन्त्य गर्न, उक्त उत्पादन सम्बन्धअनुरूप रहेका सम्पूर्ण सामाजिक सम्बन्धलाई अन्त्य गर्न र यो सामाजिक सम्बन्धबाट उत्पन्न सम्पूर्ण विचारलाई क्रान्तिकारीकरण गर्न' समाजवादमा सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको आवश्यकता हुन्छ । जसरी लेनिनले वर्गसङ्घर्षलाई मात्र मानेर कोही पनि कम्युनिस्ट हुन सक्तैन, बरु जसले वर्गसङ्घर्षलाई सर्वहारा अधिनायकत्वसम्म विस्तार गर्दछ त्यही नै कम्युनिस्ट हुनसक्छ भनेर मार्क्सवादी र संशोधनवादीका बीच रेखा खिच्नुभएको थियो त्यसरी नै आज जसले सर्वहारा अधिनायकत्व मात्र मानेर कोही पनि कम्युनिस्ट हुन सक्दैन, बरु जसले सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिलाई स्वीकार गर्दछ त्यही नै कम्युनिस्ट हुन सक्छ । यो सांस्कृतिक क्रान्तिको उद्देश्य अर्थात् यो निरन्तर क्रान्तिको कार्यभार भनेको विश्वदृष्टिकोण (दर्शनशास्त्र) को समस्या समाधान गरी संशोधनवादका जरा उखेल्नु हो । यो क्रान्तिको प्रथम निशाना भनेको आफैँ हुनु हो अथवा हरेक कम्युनिस्टले आफ्नो खराब विचारधारा, विरासत, चालचलन र आनीबानीका विरुद्ध निरन्तर लड्नु नै सांस्कृतिक क्रान्ति हो । आदतको सत्ता निकै बलवान् हुन्छ । त्यसकारण उहाँले जीवनको उत्तरार्द्धमा यो क्रान्ति सुरु गर्नुभएको थियो । आज हामीले उहाँको जन्मदिवसका अवसरमा आदतको सत्ताका विरुद्ध निरन्तर क्रान्ति गर्दै विश्वदृष्टिकोणको समस्या समाधान गर्ने माओको अधुरो कार्य पूरा गर्ने प्रतिबद्धता गर्न जरुरी छ । महासचिव कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीलाई जनताले भर्खरै सोधिरहेका छन, ' तिमीहरू पनि प्रचण्ड र बाबुराम हुँदैनौ भन्ने के ग्यारेन्टी छ ?' यसको ग्यारेन्टी (सुनिश्चितता) सांस्कृतिक क्रान्ति नै हो । राजनीतिक र सांस्कृतिक क्रान्तिको एकीकृत बलबाट मात्र यसको ग्यारेन्टी गर्न सकिन्छ । तर यसको पनि सही व्याख्या र विकासको आवश्यकता छ ।

२) राजनीतिक अर्थशास्त्रमा माओको योगदान

पहिलो कुरा त माओले चिनियाँ राजनीतिक अर्थशास्त्रको अध्ययनबाट वर्गविश्लेषण गर्नुभयो र रुसमा लेनिनले क्रान्तिका शत्रु र मित्रको पहिचान गर्दा जुन तरिका अपनाउनुभएको थियो

... बाँकी पृष्ठ ४ मा

# स्वाधीनता, सुशासन र मानवअधिकार



**एकराज भण्डारी**
वरिष्ठ अधिवक्ता तथा अध्यक्ष,
जनअधिकार अभियान नेपाल

भनिन्छ, हामी स्वाभिमान नेपाली, राष्ट्रिय स्वाधीनता हाम्रो प्राण हो । के हामी पूर्ण रूपमा स्वाधीन छौँ त ? किन हामी निरन्तर राष्ट्रिय स्वाधीनताको कुरा उठाइरहन्छौँ ? राजनीतिक आर्थिक, सांस्कृतिकलगायत क्षेत्रमा किन विदेशीले, खासगरी भारतले हामीमा कुनै न कुनै ढङ्गले हैकम चलाइरहन्छ ? किन नेपालको राज्यसत्तामा रहनेहरू पालैपालो भारतीय शासकका सामु लम्पसार पर्ने गर्छन् ? यो परिस्थितमा राष्ट्रिय स्वाधीनताको रक्षा कसले गर्ने ? आज हामी नेपालीलाई यी प्रश्नको जबाफ चाहिएको छ ।

हामी नेपालीलाई चाहिएको सुशासन हो तर हामी किन कुशासनका सिकार भैरहेका छौँ ? भोट किनेर चुनिएको नेताले नोटको खेती नगरेर के गर्छ त ? जानीजानी भ्रष्टाचारीलाई अख्तियार सुम्पँदा उसले भ्रष्टाचार नगरेर के गर्छ ? जाली प्रमाणपत्रधारी, बिचौलिया नै न्यायाधीश नियुक्त भएपछि त्यस्ता न्यायाधीशबाट जनताले कस्तो न्यायको अपेक्षा गर्ने ? मानवअधिकारको उल्लघङ्नकर्ता तथा घोटालाकाण्डमा संलग्न व्यक्ति जब सुरक्षा निकायमा नियुक्त हुन्छ, त्यस्तो निकायबाट कस्तो शान्ति र सुरक्षाको अनुभूति गर्ने ? हामी नेपालीको सुशासनको चाहनासँग जोडिएका यी प्रश्नहरूप्रति हामी सबैको चासो छ ।

मानवअधिकारप्रति नेपालले अन्तर्राष्ट्रिय दस्ताबेजहरूको पक्ष राष्ट्र भएर प्रतिबद्धता जनाएको छ । संविधानमा वैयक्तिक स्वतन्त्रतालगायत थुप्रै मौलिक हकहरू व्यवस्था गरेको छ । तर आजसम्म पनि किन नेपालमा राजनीतिक आस्थाका बन्दीहरू छन् ? अदालतले राजनीतिक विचार र आस्थाको आधारमा पक्राउ गर्न, थुनामा राख्न हुँदैन भनेर बन्दीलाई तुरुन्त छोड्न आदेश दिन्छ तर अदालतको गेटबाटै किन पुनःपुनः मानिस पक्राउ गरी बन्दी बनाइन्छ ? बन्दीलाई किन थुनामा यातना दिइन्छ ? एकातिर शिक्षा, स्वास्थ्य, रोजगारको हक संविधानमा लेखिन्छ तर अर्कोतिर किन यस्ता क्षेत्र दलालको हातमा दिइन्छ ? कार्यान्वयन नगर्नुपर्ने मौलिक हकहरू संविधानमा किन लेख्नु ? यी प्रश्नहरू नेपाली जनताले उठाइरहने प्रश्न हुन् ।

**स्वाधीनता**

फेरि यतिखेर नेपालको राजनीतिक परिवेशमा राष्ट्रिय स्वाधीनताको मुद्दा अर्थात् राष्ट्रियताको मुद्दा प्रमुख बनेको छ । राजनीतिक, आर्थिक, सांस्कृतिक, भौगालिक क्षेत्रमा भारतीय हस्तक्षेप निरन्तर छ । नेपाल-भारत सिमानाका थुप्रै ठाउँमा भारतले मिच्दै सिमानाका पिलरहरू गायब पार्ने, फाल्ने, दसगजा क्षेत्रमा बस्ती बसाउने, बाटो बनाउनेलगायत कार्य गरी नै रहेको छ । सीमाक्षेत्रमा भारतका तर्फबाट शाक्तिशाली सुरक्षाबल तैनाथ गरेको देखिन्छ जब कि नेपालका तर्फबाट आफ्नो सीमा सुरक्षाका लागि त्यस्तो किसिमको सीमा सुरक्षाबल राखेको देखिन्न । यतिखेर आएर भारतले फेरि एउटा दादागिरी देखाएको छ । लिपुलेकदेखि लिम्पियाधुरासम्मको नेपाली भूभाग कालापानी क्षेत्रलाई आफ्नो भूभागमा पारेर नयाँ नक्सा सार्वजनिक गरेको छ । यो नेपालको भौगोलिक अखण्डतामाथि भारतले गरेको नाङ्गो हस्तक्षेप हो । जतिखेर नेपालको राजनीतिक स्थितिमा केही परिवर्तन हुने गर्छ त्यस्तो बेला भारतले आफ्नो हस्तक्षेप बढाउने गरेको देखिन्छ । विभिन्न समयमा नेपालका शासकहरूलाई आफूले प्रभावमा पारेर गण्डक तथा टनकपुर सम्झौता गरेको, माथिल्लो कर्णाली विकास योजनालगायत विकास योजनाहरू हातपारेको जस्ता कार्यहरू यसका उदाहरण हुन् । भारतीय शासकहरू ब्रिटिसकालीन औपनिवेशिक साम्राज्यवादी मानसिकताबाट ग्रसित देखिन्छन् भने नेपालका अहिलेसम्मका विभिन्न कालखण्डका शासकहरू पनि आत्मसमर्पणवादी चिन्तनले ग्रसित भै भारतीय शासकका सामु लुट्पुटिँदै लम्पसार पर्न पुगेको कुरा इतिहासले पुष्टि गर्दछ । यी शासकहरू बीचका सबै सन्धि र सम्झौताहरू नेपालका पक्षबाट हेर्ने हो भने असमान छन् । यी असमान सन्धिसम्झौताहरू खारेज गरिनुपर्ने, सीमा अतिक्रमण बन्द गरिनुपर्ने, मिचेको भूभाग फिर्ता गर्नुपर्ने, कालापानी क्षेत्रबाट भारतीय सेना तुरुन्त हट्नुपर्ने भन्दै देशभक्त, स्वाभिमानी नेपालीहरूले निरन्तर आवाज उठाइरहेका छन् । तर नेपाल सरकारले यी विषयवस्तुहरूमा खासै चासो दिएको देखिन्न । यससम्बन्धी अन्तर्राष्ट्रिय कानुन एवम् मान्यताअनुसार कूटनीतिक पहल गरेको देखिन्न ।

यसअघि सन् २०१५ मा पनि नेपाललाई थाहा नदिएर भारत र चीनले आपसमा सम्झौता गरी लिपुलेकलाई द्विपक्षीय व्यापारनाका बनाउने सम्झौता गरे । नेपालका बुद्धिजीवी, इतिहासकार, जानकारलगायत सम्पूर्ण देशभक्त, राष्ट्रवादीसमेतका आमनागरिकले त्यसको सशक्त विरोध गरे । तर नेपाल सरकार यस सम्बन्धमा गम्भीर ढङ्गले लागेको देखिएन । महाकाली नदीदेखि पूर्वको भूभाग लिम्पियाधुरा, कालापानी, लिपुलेकसम्मको क्षेत्र भारतले अतिक्रमण गरेर नेपाल-भारतबीचका असमान सन्धिहरूमध्येको सन् १८१६ को सुगौली सन्धिको धारा ५ मा उल्लिखित 'काली नदीका पश्चिममा परेका प्रदेशहरूमा नेपालका राजाले दावाहरू त्याग्नेछ' भन्ने प्रावधानको स्वयम् भारतले नै ठाडो उल्लङ्घन गरेको छ । यसप्रकार नेपाल राष्ट्रको भूमिमाथि भारतद्वारा गरिएको अतिक्रमणको सम्पूर्ण राष्ट्रवादी, देशभक्त नेपाली एकजुट भएर सशक्त विरोध आन्दोलन गर्नैपर्छ ।

विगत हेर्दा नेपाल सरकारको कूटनीतिक पहलप्रति राष्ट्रवादी तथा देशभक्त नेपालीले विश्वास गर्ने ठाउँ देखिँदैन । नेपालको अतिक्रमित भूभाग कालापानी क्षेत्रबाट भारतीय सुरक्षाबल फिर्ता हुनैपर्छ । राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाका लागि नेपालीले देखाएको त्याग र बलिदानको स्मरण गर्दै फेरि पनि राष्ट्रवादी तथा देशभक्त नेपालीहरू एकजुट भएर उठ्नु र सशक्त अगाडि बढ्नु आजको अपरिहार्यता बनेको छ ।

**सुशासन**

निरङ्कुश राजतन्त्रको अन्त्यपछि बनेको संविधानले नेपालको शासन व्यवस्था बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक संसदीय प्रणाली भनी नामकरण गरेको छ । यो लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने कुरा पनि संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको छ । नयाँ संविधानको घोषणालगत्तै संसद् र दुई तिहाइको सरकार बनेको पनि दुई वर्ष पुग्नै लागेको छ । जनताको प्रतिनिधि भनिने संस्था संसद् सरकारको नियन्त्रणमा छ । सरकारको प्रमुख दलको प्रमुख छ । दलको प्रमुख संसदीय दलको नेता । नेता जे भन्छ दुई तिहाइ सदस्य त्यही गर्छन् । नेतालाई दल चलाउन, निर्वाचन जित्न पैसा चाहिन्छ । पैसा दलालसँग हुन्छ । दलालबाट पैसा फार्न दलालको दलाली व्यापार फस्टाउने नीति, नियम, कानुन बनाइदिनुपर्छ । प्रेससँग सम्बन्धित विधेयक होस् वा मानवअधिकार आयोगसम्बन्धी विधेयक होस् वा मेडिकलसम्बन्धी विधेयक होस् वा गुठी विधेयक होस् वा निर्माण व्यवसायी यातायातसम्बन्धी आदि यसका उदाहरण हुन् । सरकार पनि दलालकै फन्दामा परेको देखिन्छ । एकातिर संविधानमा नागरिक स्वतन्त्रता, मौलिक हक, कानुनी राजको सुनिश्चितता हुने भनिन्छ, अर्कोतिर फरक राजनीतिक आस्था राखेकै कारणले झुट्टा मुद्दा लगाएर हजारौँ मानिसहरू प्रहरीको थुनामा कारागारमा बन्दी बनाएर यातना दिएर राखिएको छ । राजनीतिक दल खोल्न पाउने र दलमाथि प्रतिवन्ध नलगाउने संविधानमा व्यवस्था छ । तर विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्धतसरह मानी तिनका नेता-कार्यकर्तालाई झुट्टा मुद्दा लगाई हिरासत र जेलमा बन्दी बनाएको छ । सरकारको व्यवहारले संविधान देखाउने हो कि कार्यान्वयन गर्ने हो ? गम्भीर प्रश्न खडा गरेको छ । बालिग मताधिकार र आवधिक निर्वाचन लोकतन्त्रको प्राण भनिन्छ तर जति पनि दलालहरूको हालीमुहाली भ्रष्टाचार, कुशासन छन्, ती सबै निर्वाचित पात्र र संस्थाकै आडमा गरिएका हुन्छन् । नोटले भोट किनेर जितेको प्रतिनिधि र त्यस्ता प्रतिनिधिले बनाएको सरकारले नोटको खेती नगरेर के गर्छ ? नोटको खेती दलाल र बिचौलियाहरूको फाँटमा मौलाउँछ । अनि कसरी सुशासन सम्भव छ ? भ्रष्टाचारी हो भन्ने जानीजानी त्यस्तो व्यक्तिलाई सरकार र प्रतिपक्षको मिलोमतोमा अख्तियारमा नियुक्त गरिन्छ । घोटालामा संलग्न छ भन्ने जानीजानी सुरक्षा निकायको प्रमुखमा नियुक्त गरिन्छ भने त्यस्तो पात्रले भ्रष्टाचार नगरेर के गर्छ ? लगानी त उठाउनैपर्ने हुन्छ, चाहे त्यो निर्वाचन जित्न गरेको लगानी होस् चाहे नियुक्ति पाउन गरिएको होस् । त्यसैले संविधानमा लेखिएको बालिग मताधिकार र आवधिक निर्वाचन जनताका लागि भ्रष्टाचार र बेथितिलाई वैधानिकता दिने र संस्थागत गर्ने माध्यमसिवाय अरू हुन नसकेको देखियो ।

न्यायालयको हालत पनि त्यस्तै छ । जाली प्रमाणपत्रधारी, बिचौलिया भन्ने जानीजानी त्यस्तो व्यक्तिलाई न्यायाधीशमा नियुक्त गरिन्छ भने त्यस्तो न्यायाधीशबाट जनताले कस्तो न्यायको अपेक्षा गर्ने ? न्यायाधीश नियुक्त गर्ने संयन्त्र नै सरकारको अधिकतम प्रभावमा रहने संवैधानिक प्रावधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका पनि संविधानमा देखाउनकै लागि राखिएको प्रतीत भैरहेको छ । त्यसैले संविधानमा लेखिने कुरा कार्यान्वयन नगरिने र कार्यान्वयन गरिने कुरा संविधानमा नलेखिने पद्धति नै दलालहरूद्वारा सञ्चालित संसदीय पद्धति हो भन्न सकिन्छ ।

**मानवअधिकार**

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ नेपालका लागि पनि बाध्यकारी दस्तावेज हो । 'सबै मानव जन्मसिद्ध स्वतन्त्र हुन् । ती सबैको समान प्रतिष्ठा र अधिकार छ । उनीहरूको विवेक, शक्ति र अन्तस्करणयुक्त भएकाले एकआपसमा भ्रातृत्वको भावना लिई व्यवहार गर्नुपर्छ' भन्ने प्रावधान यसको धारा १ मा उल्लेख छ । नेपालमा बनेका संविधानहरूमा २०१५ सालको नेपाल अधिराज्यको संविधानमा, नेपालको संविधान २०१९ मा, नेपाल अधिराज्यको संविधान २०४७ मा समेत वैयक्तिक स्वतन्त्रताको हकको व्यवस्था थियो । वर्तमान नेपालको संविधानमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्दै मृत्युदण्डको सजाय दिने गरी कानुनसमेत नबनाइने प्रत्याभूत गरेको छ । विचार र अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रतालगायत स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरेको छ । न्यायको हक, निःशुल्क शिक्षा र स्वास्थ्यको हक, रोजगारीको हक, खाद्यसम्बन्धी हक, आवासको हकसमेतका हकहरूको व्यवस्था गरिएको छ । तर कार्यान्वयनमा हेर्ने हो भने नेपाली जनताले यी हकको प्रयोग गर्न पाएको अवस्था छैन । सबभन्दा ठूलो कुरा मानिसको वैयक्तिक स्वतन्त्रताको हक हो । वैयक्तिक स्वतन्त्रताको उपभोग नागरिकहरूले गर्न पाएका छैनन् । विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धितसरह व्यवहार गरिएको छ । तिनका थुप्रै नेता-कार्यकर्ता राजनीतिक विचार र आस्था राखेकै कारण यतिखेर विभिन्न झुट्टा मुद्दा लगाएर देशका विभिन्न प्रहरी हिरासत र जेलमा छन् । त्यति मात्र होइन, मुठभेडका नाममा आफ्नो नियन्त्रणमा लिएर राज्यका सुरक्षाकर्मीद्वारा मारिएका छन् । प्रहरी हिरासतमा यातना दिइएको छ । संविधानमा अदालतको फैसला सबैले मान्नुपर्छ भनिएको छ तर अदालतले थुनामा राखिएको व्यक्तिलाई निर्दोष भन्दै छोड्ने आदेश गर्छ तर तुरुन्त अदालत परिसरबाटै पुनः नियन्त्रणमा लिएर अर्को झुट्टा मुद्दा लगाएर थुनामा राखिन्छ । यो आजको यथार्थ हो । वैयक्तिक स्वतन्त्रता मात्र हैन, संविधानमा रोजगारीको हक हुने भनिएको छ । तर नेपाली युवाहरूलाई औपचारिक रूपमा नेपाल सरकारले श्रम गर्न विदेशमा पठाइन्छ वा गोर्खा भर्तीकेन्द्रको नामबाट विदेशी सेनामा भर्तीका लागि पठाइएको छ । निःशुल्क शिक्षा र स्वास्थ्यको हक हुने भनिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्र ठूलाठूला स्वदेशी तथा विदेशी दलालहरूलाई ठेक्कासरह दिइएको छ । आवासको हक भनिन्छ, सुकुमबासीलाई डोजर लगाएर बिचल्ली पारेर उठिबास गराइन्छ । यो किन भैरहेको छ । संविधानमा लेख्ने तर कार्यान्वयन नगर्ने ? यो संविधानमा लेखिएको कुरा कार्यान्वयन नहुनु पात्रको दोष हो ? वा प्रणालीको दोष हो ? पात्रको दोष हो भनी मान्ने हो भने १९ सालदेखि आजसम्म वैयक्तिक स्वतन्त्रता, समानता किन कार्यान्वयन भएनन् ? के आजसम्म एउटा पनि संविधानको कार्यान्वयन गर्नसक्ने पात्रको जन्म नै हुन सकेन । जानीजानी भ्रष्टलाई नै अख्तियारको जिम्मा दिइनु, जाली प्रमाणपत्रधारीलाई न्यायाधीश पदमा नियुक्त गर्नु पात्रको दोष हो वा पद्धतिको दोष हो ? सहजै भन्न सकिन्छ त्यस्तो नियुक्ति नगर्ने हो भने पात्रको कुर्सी ढल्न सक्छ । त्यसैले पात्रलाई सञ्चालन गर्ने दलालहरू हुन् भनेर सजिलै भन्न सकिन्छ किनकि संसदीय प्रणालीको प्राण नै दलाल पुँजीपति नै हुन्छन् । त्यसकारण संविधानमा लेखिएको कुरा कार्यान्वयन हुनै सक्दैन । कार्यान्वयन हुने हो भने दलाल सत्ता टिक्नै सक्दैन । उसो भए कार्यान्वयन नहुने मानवअधिकार र मौलिक हकका कुरा संविधानमा किन लेख्ने ? यी प्रावधान संविधानमा नलेख्दा दलाल पुँजीपतिको सत्ता रहनै सक्दैन । त्यसैले संसदीय पद्धतिको संविधानमा यस्ता मीठा मौलिक हक र मानवअधिकारका कुरा लेख्नु दलाल पुँजीपति राज्यव्यवस्थाको प्राण हो । लेखेका कुरा कार्यान्वयन गर्नु उसको मृत्यु हो । सत्ता बचाउन संविधानमा लेखिन्छ तर कार्यान्वयन गरिँदैन ।

**सङ्क्रमणकालीन न्याय**

शान्तिप्रक्रियाका मुख्य विषयहरू पूर्ण लोकतान्त्रिक राज्य व्यवस्थाको संविधान निर्माण गर्ने, सेना समायोजन र युद्धमा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनलगायत ज्यादतीका विषयमा सम्बोधन गर्ने थियो । त्यसमध्ये बेपत्ता पारिएका व्यक्तिको यथार्थ वस्तुस्थिति पत्ता लगाई सार्वजनिक गर्ने कार्य एकदमै संवेदनशील विषय थियो । आज शान्तिसम्झौतामा हस्ताक्षर भएको १४ वर्ष पुगिसक्दासमेत बेपत्ता व्यक्तिको सार्वजनिक हुन सकेन । सेना समायोजन पनि न्यायपूर्ण ढङ्गले गरिएन भन्दै विवादित बन्न पुग्यो । संविधान विवादित बनेको छ । मानवअधिकार उल्लङ्घनका अन्य घटनाका बारेमा पनि कुनै परिणाममुखी काम हुन सकेन । युद्ध तथा आन्दोलनबाट पीडा भोग्न बाध्य आमनागरिकको स्थिति दयनीय छ । न त बेपत्ता पारिएका, मारिएका र घाइते-अपाङ्गता भएका योद्धाहरूको सोचेजस्तो देशमा राजनीतिक परिवर्तन हुनसक्यो, न त तिनका परिवारको अभिभावकत्व राज्यले लिन नै सक्यो ? पीडकहरू सत्ताको चास्नीमा डुबेका छन् । राज्य यसप्रति उदासीन देखिन्छ । शान्तिप्रक्रिया बेवारिसे स्थितिमा देखिन्छ ।

अन्त्यमा

यतिखेर अन्तर्राष्ट्रिय राजनीतिक परिघटनाहरू हेर्दा पनि विश्वका विभिन्न भागमा यथास्थितिका विरुद्ध स्वाधीनता र परिवर्तनका पक्षमा यथास्थितिको विकल्प खोज्दै जनता आन्दोलित छन् । यसबाट जनतामा विद्रोहको चेतना माथि उठेको देखिन्छ । नेपालमा पनि वर्तमान अवस्थामा जनताले परिवर्तनको अनुभूति गर्न नपाएपछि निरङ्कुश पञ्चायत राजतन्त्रात्मक संसदीय व्यवस्था हुँदै आएको गणतन्त्रात्मक व्यवस्थामा समेत जनताको उत्पीडन, विभेद, शोषण, दमन, भ्रष्टाचारलगायत विकृतिहरू यथावत् रहेपछि राजनीतिक दल, नेतृत्व, न्याय, प्रशासन, सुरक्षा निकाय र सिङ्गो पद्धतिप्रति जनआक्रोश बढ्नु स्वाभाविक हो । यतिखेर चुनौतीका रूपमा रहेको राष्ट्रियता, स्वाधीनताको सवालमा सम्पूर्ण देशभक्त राष्ट्रवादी शक्तिहरू एक हुन जरुरी छ ।

विद्रोह गर्न पाउनु जनताको अधिकार हो भन्ने कुरालाई आत्मसाथ गर्दै जनचाहनाअनुसारको राजनीतिक पद्धतिको खोजी जनताले गर्न पाउनुपर्छ । सबै राजनीतिक विचारमा आफ्ना विचारहरू लिएर जनतासमक्ष जान पाउनुपर्छ । चाहे त्यो सरकारमा रहेको आफूलाई साम्यवादी भन्ने पार्टी नै किन नहोस्, चाहे त्यो उदारवादी पुँजीवादी धारको प्रतिनिधित्व गर्ने दल किन नहोस् वा आफूलाई पहिचानवादी भन्ने दलहरू होऊन् अथवा सिङ्गो संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाको पक्षधर राजनीतिक शक्तिहरू किन नहोऊन्, सबैले निर्वाध रूपमा आफ्ना कार्यक्रमहरू लिएर जनतासमक्ष जान पाउनुपर्छ । कुनै पनि राजनीतिक बहस, छलफल गर्दै वार्ता र संवादमार्फत समाधानका उपायहरू खोजिनुपर्छ । मानवअधिकारको सम्मान सबैले गर्नुपर्छ । मानवअधिकारको उल्लङ्घन गर्ने छूट कसैलाई हुनु हुँदैन ।

नेपालमा पनि वर्तमान राजनीतिक शासन व्यवस्थाबाट जनता आक्रान्त

... बाँकी पृष्ठ ८ मा

**नेपाली भूभागमाथि ...**

छ ।

भारतले नेपाली सुरक्षाप्रणाली, प्रतिरक्षा शक्ति र नेपाली सेनालाई दिएको ठाडो चुनौती पनि हो । उसले हाम्रो भूभागलाई सैन्य ब्यारेकमा परिणत गरेर देशको सुरक्षा जिम्मा लिएको वा लिनु पर्ने सैन्य शक्ति नेपाली सेनालाई हेपेको वा नापेको पनि हो । नेपाली सेनाले के गर्ने भन्ने विषय उठेको छ । नेपाली जनताको आकाङ्क्षा र मागअनुसार देशको रक्षामा अगाडि बढ्ने वा कालापानी भन्ने कता पर्छ भन्दै नक्सा हेर्दै सय किलोमिटर वरै ब्यारेकमा कुँजिएर बस्ने भन्ने सवाल सामुन्ने आएको छ ।

भारतको यो अतिक्रमणका विरुद्ध एउटा राष्ट्रिय एकता उर्लिएको छ । वास्तवमै एउटा राष्ट्रिय सहमति र सहकार्य पनि चाहिएको छ । सारा देशभक्तहरूलाई एकताबद्ध बनाएर देशको रक्षा गर्नुपर्ने आवश्यकता देखापरेको छ ।

कैयौँ व्यक्ति र पार्टीले यो समस्यालाई सरकारले कूटनीतिक पहल र राजनीतिक पहल गरेर समाधान गर्नुपर्छ भनेको सुनिन्छ जो सही पनि हो । केपी सरकारले पनि कूटनीतिक पहल सुरु गरिरहेको प्रचार गरेको छ तर जनताहरू यत्तिबाट सन्तुष्ट देखिँदैनन् । कूटनीतिक पहल भन्ने शब्दका पछाडि दुईवटा मनोभावना छिपेका छन् : एउटा, इमानदारीपूर्ण आग्रह छ जसका पछाडि भारतलाई सम्झाएर, बुझाएर, मैत्रीपूर्ण तरिकाले भारतलाई हाम्रो भूभागबाट फर्काउने र आफ्नो भूमि फिर्ता लिन पाए हुन्थ्यो भन्ने भावना छ । दोस्रो, नेपाली जनतामा उठेको राष्ट्रिय जागरण र भारतप्रतिको आक्रोशलाई मत्थर पार्नका लागि मात्र कूटनीतिक समाधानमा लागेका छौँ भनेर प्रचार गर्ने तर भित्रभित्र भारतलाई रिझाउन लागिपर्ने सरकारी आत्मसमर्पणवादी खुराफाती चाल । यसलाई सबै नागरिकहरूले बेलैमा बुझ्न आवश्यक छ ।

कैयौँ देशभक्त एवम् क्रान्तिकारीहरूले भारतले अतिक्रमित भूभागलाई त्याग्दैन, उसको सेना फिर्ता लाँदैन भने नेपालले देशको सार्वभौमिकता एवम् स्वाधीनताको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ भन्ने मत राखेका छन् । यो पनि सही तरिका हो । कैयौँले अतिक्रमित भूभागको सुरक्षार्थ नेपाली सेनालाई अगाडि बढाउनुपर्छ भन्ने विचार पनि राखेका छन् । हाम्रो विचारमा यो बाध्यात्मक तर आवश्यक सही विचार हो । विडम्बना ! केपी सरकार जनताका यी सारा मत, भावना र सुझावका विपरीत भारतीय साम्राज्यवादी अतिक्रमणविरुद्ध उर्लिएको राष्ट्रिय स्वाभिमान र एकतालाई भाँड्न र फुटाउन उद्यत रहेको छ ।

सबैलाई अवगत छ- हाम्रो पार्टी बनाउनुको एउटा मुख्य मुद्दा नै राष्ट्रिय स्वाधीनतासँग जोडिएको छ । हामीले माओवादी पार्टीको विसर्जन गर्नुको एउटा कारण प्रचण्ड-बाबुराममा आएको राष्ट्रिय आत्मसमर्पण नै थियो । पछि बादल पनि यसमा जोडिन पुगे । हाम्रोजस्ता साम्राज्यवादी हस्तक्षेपमा परेका देशहरूमा राष्ट्रिय स्वाधीनताको समस्या भनेको जनअधिकारको समस्या पनि हुन्छ र जनअधिकारको समस्या भनेको स्वाधीनताको समस्या पनि हुन्छ । प्रचण्डहरूले स्वाधीनतालाई त्याग्न थालेपछि नै पार्टी विभाजित बन्न पुगेको थियो ।

जब हामीले पार्टी पुनर्गठन गर्‍यौँ तब लगातार देशका हितविरुद्ध गरिएका र गरिन खोज्ने सबै राष्ट्रघाती निर्णयका विरुद्ध सङ्घर्ष गर्दै आएको छ । माथिल्लो कर्णाली, अरुण तीन, कोसी उच्चबाँध, त्रिभुवन अन्तर्राष्ट्रिय हवाई अड्डामा राख्न खोजिएको भारतीय एयरमार्सल, विराटनगरको अवैध भारतीय कार्यालय, भारत र चीनबीच भएको लिपुलेक नाका खोल्ने समहमतिविरुद्ध नेपाल बन्ददेखि भौतिक कारबाहीहरूसमेत गर्दै आएको छ । हाल पनि भारतीय अतिक्रमणका विरुद्ध सङ्घर्षमा उत्रिराखेको सबैलाई अवगत नै छ । आश्चर्यको कुरा हाम्रो पार्टीलाई साथ दिनुको साटो केपी सरकार निर्लज्जतापूर्वक निर्मम दमनमा उत्रिएको छ ।

भारतीय अतिक्रमणका विरुद्ध हाम्रो पार्टीले काठमाडौँलगायत देशभर विरोध प्रदर्शन, जुलुस, सभा, पुतला दहन, मशाल जुलुसहरू गरिरहेको छ तर केपीको कम्युनिस्ट नामधारी सरकारले लिपुलेक, कालापानी, लिम्पियाधुराको रक्षाका लागि निस्किएका सयौँजना विद्यार्थी, बुद्धिजीवी, मजदुर, किसान, महिलाहरूलाई गिरफ्तार गरेर राज्यद्रोहको मुद्दा लगाइरहेको छ । भारतीय राजदूतावासमा ज्ञापनपत्र बुझाउनसमेत रोक लगायो । देशका लागि लड्न प्रतिबन्ध लगाइरहेको छ । केपी सरकारको यो फासिवादी दमन घृणास्पद एवम् निन्दनीय त छ नै यो कदम राष्ट्रिय एकता र स्वाधीनका विरुद्ध पनि छ । उसको यो प्रवृत्ति आत्मसमर्पणकारी, राष्ट्रिय आत्मसमर्पणवादी रहेको छ ।

केपी वली सरकार राष्ट्रिय स्वाधीनताका पक्षमा सबैसँग सहकार्य गर्नुसट्टा वास्तविक राष्ट्रवादी शक्तिविरुद्ध दमनमा उत्रिन्छ भने जनताले दुई रूपका तर सारमा एकै चरित्र बोकेका मोदी, वली सरकारका विरुद्ध प्रतिरोध सङ्घर्षलाई अगाडि बढाउनुपर्छ । देशमाथि अतिक्रमण गर्ने भारतीय साम्राज्यवाद र देश बुझाएर कुर्ची जोगाउन खोज्ने केपीको राष्ट्रिय आत्मसमर्पणवाद दुवैका विरुद्ध तीखो सङ्घर्ष गर्न तयार हुनुपर्छ । यसको नेतृत्व दिन नेपाल कम्युनिस्ट पार्टी तयार छ । मोदी र केपीले बुझिराखे हुन्छ- न देशलाई अतिक्रमण गर्ने तत्व सफल हुनेछ, न त भारतको स्वार्थमा हामीमाथि दमन गर्ने केपीको हुकुमी शासन नै टिक्नेछ । विजय नेपाल, नेपाली राष्ट्रवादी जनता र कम्युनिस्ट पार्टीको हुनेछ ।

१० मङ्सिर, २०७६

# बाटो छेक्ने पहाड र क्रान्तिकारीहरूको कार्यभार



रमेश सुनुवार

> नाम छ दुई-तिहाइ बहुमतको कम्युनिस्ट सरकार तर काम छ अरुको बैसाखीमा उभिएको सरकारको जस्तो । दमित, उत्पीडित र निमुखा जनताका पक्षमा आजसम्म एउटा पनि उदाहरणीय काम गरेको देखिएको छैन । यसको पराक्रमको परिमाण पनि दिनानुदिन बढिरहेको छ- सुनकाण्ड, जग्गाकाण्ड, यौनकाण्ड, ..., इत्यादि । यी काण्डहरुले डबल नेकपाको आकार दिनानुदिन घटिरहेको छ ।

नेपालमा अहिले सर्वगुणसम्पन्न एउटा राजनीतिक पार्टीको उदय भएको छ । त्यसको नाम राखिएको छ- डबल नेकपा । त्यो कति भव्य छ भन्ने कुरा त्यसको नामले नै बताउँछ । नाम डबल, अध्यक्ष डबल, कार्यकर्ता डबल, आकार डबल, बहुमत डबल ।

डबल नेकपामा अहिले के छैन ? कम्युनिस्ट पार्टी चाहने मानिसहरूका लागि हँसिया-हथौडा अङ्कित रातो झन्डा फहराएको पार्टी छ । गौरवशाली इतिहास चाहने मानिसहरूका लागि एउटासँग झापा विद्रोहको विरासत छ र अर्कोसँग दसबर्से जनयुद्धको विरासत छ । बहुमत चाहने मानिसहरूका लागि महिलालाई पुरुष र पुरुषलाई महिला बनाउने कुराबाहेक अरू सबै गर्नसक्ने दुई-तिहाइ बहुमत छ ।

तर यथार्थमा त्यहाँ केही पनि छैन । हँसिया-हथौडा अङ्कित रातो झन्डा फहराउने कम्युनिस्ट पार्टी त एउटा ट्रेडमार्क मात्र हो । डबल नेकपालाई कम्युनिस्ट पार्टी भन्नु र 'हात्ती र हात्तीछाप चप्पल उस्तै-उस्तै हो' भन्नु एउटै कुरा हो । त्यसको दुई-तिहाइ बहुमत मछुवाको धडियामा थुप्रिएको माछाजस्तै हो र त्यसको गौरवशाली इतिहास हिङ बाँधेको टालोजस्तै हो ।

डबल नेकपा कम्युनिस्ट नाम राखेर दुनियाँका सारा बुर्जुवा सुविधाहरू उपभोग गर्ने पाखण्डीहरूको जमात हो । त्यहाँ जसलाई जे गर्न पनि छूट छ । त्यहाँ इमान र बेइमान, सदाचारी र भ्रष्टाचारी, क्रान्तिकारी र प्रतिक्रियावादी सबै अटाउँछन् । जब क्रान्तिकारी बनेरै प्रतिक्रियावादी काम गर्न पाइन्छ भने प्रतिक्रियावादीको बिल्ला किन भिर्नुपऱ्यो ? जब कम्युनिस्ट बनेरै दुनियाँ ठग्न पाइन्छ भने शोषक बनेर घृणित किन हुनुपऱ्यो ? र जब सदाचारी बनेरै भ्रष्टाचार गर्न पाइन्छ भने भ्रष्टाचारीको दाग निधारमा किन लगाउनुपऱ्यो ? त्यसैकारण डबल नेकपा कयौँको आकर्षणको केन्द्र बनेको छ ।

विगतमा केपी वली माओवादी पार्टीको विशाल आकारप्रति व्यङ्ग्य गर्दै भन्थे, 'दूध त एक माना नै हो, उम्लेर धेरै देखिएको मात्र हो ।' अहिले उनको डबल नेकपा त्योभन्दा कुनै अर्थमा भिन्न छैन ।

इतिहासको कुनै कालखण्डमा नेपाली काङ्ग्रेसका नेताहरू दुनियाँलाई तर्साउने गर्थे- 'काङ्ग्रेस असफल भयो भने शिशु प्रजातन्त्र खतरामा पर्छ ।' सबैलाई थाहा छ, इतिहासमा काङ्ग्रेस कहिल्यै पनि सफल भएन । तर पनि प्रजातन्त्र खतरामा परेको छैन किनभने काङ्ग्रेसले प्रजातन्त्र बचाएकै होइन, बरु प्रजातन्त्रका नाममा काङ्ग्रेसस बाँचेको हो ।

अहिले इतिहासको अर्को कालखण्डमा फेरि डबल नेकपाका नेताहरू दुनियाँलाई तर्साइरहेका छन्, 'हामी असफल भयौँ भने समाजवाद खतरामा पर्छ ।' तर यथार्थ के हो भने डबल नेकपाका नेताहरू असफल भएर समाजवाद खतरामा पर्दैन, बरु उनीहरू नै खतरामा पर्छन् । मानवजातिलाई समाजवादको आवश्यकता पर्छ भने जबसम्म मानवजाति रहन्छ तबसम्म समाजवाद कहिल्यै खतरामा पर्दैन । बरु जसजसले समाजवाद छोड्छन्, तिनीहरू नै खतरामा पर्छन् ।

अहिले डबल नेकपा एउटा चिनियाँ कथामा वर्णन गरिएको बाटो छेक्ने पहाडजस्तो भएको छ र क्रान्तिकारीहरू पहाड पन्छाउने मूर्ख बूढोजस्ता भएका छन् । त्यो कथामा एउटा बूढो मानिसले आफ्नो घरअगाडि बाटो छेकेर उभिएका दुईवटा पहाडहरूलाई कोदालोले खनेर पन्छाउन थाल्छ । त्यो देखेर नजिकै बसिरहेको एउटा विद्वान् आउँछ र उसलाई उपहास गर्दै भन्छ, 'तिमी कस्तो मूर्ख हौ, यसरी पहाड पन्छाएर कहिल्यै सकिन्छ ?' विद्वान्को त्यस्तो कुरा सुनेर उसले उत्तर दिन्छ, 'मेरो पालामा नसके छोराको पालामा सकिन्छ । छोराको पालामा पनि नसके नातिको पालामा सकिन्छ किनभने यी पहाडहरू त बढ्दैनन् । जति खनेर पन्छायो, त्यति घट्दै जान्छन् । यसरी घट्दै जाँदा एक दिन त अवश्य सकिन्छ ।' त्यसपछि उसले पहाड पन्छाउने काम जारी राख्छ ।

लामो समयपछि त्यो बूढोको अदम्य साहस, अटल विश्वास र अनवरत लगनशीलता देखेर देवताहरू प्रभावित हुन्छन् र उनीहरू आएर ती पहाडहरूलाई बोकेर लान्छन् । त्यसपछि बाटो खाली हुन्छ । यसरी पहाड पन्छाउने मूर्ख बूढोले वास्तवमै पहाड पन्छाउँछ र ऊ मूर्ख होइन भन्ने कुरा सिद्ध गर्छ ।

त्यसकारण अब नेपालका क्रान्तिकारीहरूले पनि क्रान्तिको बाटो छेकेर उभिएको डबल नेकपा नामको पहाडलाई पन्छाउनुपर्छ र आफू मूर्ख नभएको कुरा सिद्ध गर्नुपर्छ । यसलाई देवताहरूले बोकेर त लाँदैनन् तर क्रान्तिकारीहरूको अदम्य साहस, अटल विश्वास र अनवरत लगनशीलताको परिणामस्वरूप नेपाली जनता र भ्रमबश डबल नेकपाभित्र रहेका प्रगतिशील कार्यकर्ताहरूले नै लगेर डम्पिङसाइटमा फाल्छन् ।

अहिले क्रान्तिकारीहरूलाई तथाकथित विद्वान्हरूले मूर्ख बनाइरहेका छन् । कोही भन्छन्, 'यो बाउन्न साल होइन ।' कोही भन्छन्, 'राजनीतिक क्रान्तिको चरण समाप्त भइसक्यो ।' कोही भन्छन्, 'बन्दुक पड्काएर समाज बदलिँदैन ।'

यी तथाकथित विद्वान्हरूलाई क्रान्तिकारीहरूले के उत्तर दिने ? यो बाउन्न साल होइन भन्ने कुरा सबैलाई थाहा छ । तर के मानव समाज दिन गनेर बदलिन्छ र ? मानव समाज दिन गनेर बदलिन्थ्यो भने राउटे र कुसुन्डाजस्ता मानव समुदायहरू अहिलेसम्म किन जङ्गलमै छन् ? युरोप र अमेरिकाका मानिसहरू धेरै अगाडि बढिसक्दा पनि हामी किन पछाडि छौँ ?

अहिले 'राजनीतिक क्रान्तिको चरण समाप्त भइसक्यो' भनेर तर्क गर्ने विद्वान्हरूलाई २०४६ सालको राजनीतिक क्रान्तिपछि बन्दुक बोकेर जङ्गल पस्ने रहर किन लागेको होला ? विद्वान् महोदयलाई २०६२-६३ को क्रान्ति अन्तिम हो भन्ने लागेको हो भने २०४६ को क्रन्ति र २०६२-६३ को क्रान्तिका बीचमा धेरै भिन्नता छैन । ती दुई क्रान्तिहरूका बीचमा एउटा भिन्नता छ, त्यो हो- गणतन्त्र । तर गणतन्त्र आउनु क्रान्तिको अन्त्य होइन । त्यसो हुन्थ्यो भने चीनमा सन् १९११ मा भएको क्रान्तिमा गणतन्त्र आएको थियो तर त्यसबाट केही पनि परिवर्तन भएन । त्यसकारण फेरि अर्को क्रान्तिको तयारी गर्नुपऱ्यो । त्यसैगरी रुसमा सन् १९१७ को फेब्रुअरीमा भएको क्रान्तिमा गणतन्त्र आएको थियो तर त्यसबाट पनि केही परिवर्तन भएन । फलस्वरूप त्यहाँ फेरि अर्को क्रान्तिको तयारी गर्नुपऱ्यो ।

यहाँ अर्कोथरीक विद्वान्हरू पनि छन् जसलाई 'बन्दुकफोबिया' भएको छ । उनीहरूलाई बन्दुकप्रति ठूलो वितृष्णा छ । त्यसकारण उनीहरूले शान्ति र अहिंसाको उपदेश दिनमा बुद्ध र गान्धीलाई पनि उछिन्न थालेका छन् तर यी विद्वान्हरूले विगतमा बन्दुककै बलमा आफ्नो गौरवशाली इतिहास रचेका थिए । वर्गशत्रु खतम गर्नका लागि सशस्त्र झापा विद्रोह गरेका थिए । आज पनि यिनीहरूले त्यसलाई आफ्नो योग्यताको प्रमाणपत्र बनाएकै छन् । फेरि बुद्ध र गान्धीका अनुयायीहरूले शान्ति र अहिंसाको उपदेश दिनुको अर्थ हुन्छ तर आफूलाई मार्क्सवादको पारखी ठान्ने यी महाविद्वान्हरूले यस्तो उपदेश दिनुको के अर्थ होला !

बन्दुकको विरोध गर्ने विद्वान्हरूले अगाडि सार्ने एउटा गज्जबको तर्क छ, 'प्रजातन्त्रमा सबैलाई समान अवसर प्राप्त हुन्छ । त्यसकारण बन्दुकको आवश्यकता पर्दैन ।' तर यथार्थ के हो भने तिनै प्रजातन्त्रवादीहरूले सबैभन्दा बढी बन्दुकको प्रयोग गर्छन् । विगतमा प्रजातन्त्रको जननी मानिएको बेलायतले बन्दुककै बलमा विश्वभरि आफ्नो साम्राज्य विस्तार गरेको थियो । अहिले आफूलाई प्रजातन्त्रको मसिहा मान्ने अमेरिका बन्दुककै बलमा महाशक्ति बनेको छ । के बन्दुकबिना बेलायतले आफ्नो साम्राज्यलाई 'कहिल्यै घाम नअस्ताउने' बनाउन सक्थ्यो होला ? के बन्दुकबिना अमेरिका प्रजातन्त्रको 'मसिहा' बन्नसक्छ होला ? यी प्रश्नहरूको उत्तर तिनै बन्दुकविरोधी विद्वान्हरूले दिऊन् जो दिनरात प्रजातन्त्रको महिमागान गरिरहन्छन् । उनीहरूले आफ्नो बन्दुकविरोधी पाठ बेलायत र अमेरिकालाई पढाऊन् जुन उनीहरू दिनरात उत्पीडित वर्गलाई पढाइरहन्छन् ।

वास्तवमा बन्दुकको विरोध गर्नु भनेको प्रजातन्त्रका नाममा बन्दुकको शासन गर्ने शासकहरूको पक्षपोषण गर्नु हो । त्यसकारण क्रान्तिकारीहरू तथाकथित विद्वान्हरूका यस्ता भ्रममा पर्नु हुँदैन ।

चिनियाँ कथामा भनिएजस्तै डबल नेकपा बढ्दैन, यो त निरन्तर घट्दै जान्छ । यसको अधोगतिको प्रमाण खोज्न अन्त कतै जानु पर्दैन, वर्तमान सरकारको दुईबर्से कार्यकाल हेरे पुगिहाल्छ । नाम छ दुई-तिहाइ बहुमतको कम्युनिस्ट सरकार तर काम छ अरूको बैसाखीमा उभिएको सरकारको जस्तो । दमित, उत्पीडित र निमुखा जनताका पक्षमा आजसम्म एउटा पनि उदाहरणीय काम गरेको देखिएको छैन । यसको पराक्रमको परिमाण पनि दिनानुदिन बढिरहेको छ- सुनकाण्ड, जग्गाकाण्ड, यौनकाण्ड, ..., इत्यादि । यी काण्डहरूले डबल नेकपाको आकार दिनानुदिन घटिरहेको छ ।

त्यसैगरी यसको विघटनलाई तीव्र बनाउनका लागि क्रान्तिकारीहरूले दृढतापूर्वक प्रयत्न गर्नुपर्छ । यसको वास्तविकतालाई एकपछि अर्को उजागर गर्नु, यसको जनविरोधी गतिविधिलाई दृढतापूर्वक प्रतिवाद गर्नु, यसको प्रभुभक्तिलाई पर्दाफास गर्नु र निसहाय जनतालाई यसका विरुद्ध सङ्घर्षमा मार्गदर्शन गर्नु- अहिले क्रान्तिकारीहरूको कार्यभार यही हो ।

## मार्क्सवादको ...

भिन्न देशमा उहाँले पनि यो तरिका अपनाउनुभएको थियो । त्यसआधारमा उहाँले आफ्नो देशलाई अफिम युद्धदेखि नै अर्धसामन्ती तथा अर्धऔपनिवेशिक भएको निष्कर्ष निकाल्नुभयो । क्रान्तिका शत्रुका रूपमा जमिनदार तथा दलाल वर्गलाई लिनुभयो भने मध्यमवर्ग तथा राष्ट्रिय पुँजीपति, निम्नपुँजीपति, अर्धसर्वहारा, सर्वहारालाई क्रान्तिका मित्रका रूपमा लिनुभयो । निम्नपुँजीपति र अर्धसर्वहारा भनेका मूलतः श्रमजीवी किसानहरू नै हुन् । उहाँले मजदुर र किसानलाई आधारभूत वर्गका रूपमा लिएर अर्धसर्वहारा, निम्नपुँजीपति र राष्ट्रिय पुँजीपतिलाई साथमा लिएर जाने नीति बनाउनुभयो । यसअनुरूप नै पहिलो कुरा उहाँले पुँजीवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवाद ल्याउन गाउँले सहरलाई घेर्ने रणनीतिमा आधारित दीर्घकालीन युद्ध र नयाँ जनवादी क्रान्ति गर्ने कार्यदिशा तय गर्नुभएको थियो ।

दोस्रो, माओले दलाल तथा नोकरशाही पुँजी कब्जा गरेर राष्ट्रिय पुँजीको विकास गरी समाजवादमा पुग्ने नयाँ जनवादी क्रान्तिको कार्यक्रम बनाउनुभयो । त्यसका लागि उहाँले सहकारी आन्दोलन चलाउनुभयो । यसका साथै टिमबद्ध र सामूहिक उत्पादनतिर जाने नीति लागू गर्नुभयो । उहाँले आत्मनिर्भर अर्थतन्त्रमा जोड दिनुभयो जसको परिणाममा आजको चीन बनेको हो ।

तेस्रो कुरा, उहाँले छरिएको कृषि उत्पादनलाई समाजीकरण गर्दै समाजवाद ल्याउने दिशातिर चीनलाई अघि बढाउनुभयो । कृषि उत्पादन र ठूला उद्योगको दुई खुट्टामा समाजवादी अर्थ व्यवस्थाको विकास गर्नुभयो । उहाँले भन्नुभएको छ, 'कृषिको समाजीकरणबिना समाजवादलाई पूर्ण र सुदृढ गर्नै सकिँदैन ।'

- जनताको जनवादी अधिनायकत्वबारे ।

चौथो कुरा, माओले ल्यू साओ ची र तेङ स्याओ पिङको निरपेक्ष रूपले 'उत्पादन बढाऊ', 'बिरालो सेतो होस् वा कालो, उसको काम मुसा मार्ने हो' भन्ने सिद्धान्तविरुद्ध 'क्रान्तिलाई पकड र उत्पादन बढाऊ' को विकास गर्नुभयो । नेपालमा ल्यु र तेङका पक्षधर प्रचण्ड र बाबुराम हुन् जसले राजनीतिक क्रान्ति होइन, आर्थिक क्रान्ति गर्नुपर्छ भनेर खोक्रो हल्ला मच्चाइरहेका छन् । 'उन्नत सामाजिक व्यवस्था र पिछडिएको अर्थतन्त्र' को अन्तरविरोधका नाममा ती चिनियाँ कम्युनिस्ट पार्टीभित्र रहेका संशोधनवादीहरू पुँजीवादको पुनर्स्थापना गर्न चाहन्थे । मार्क्सवादी राजनीतिक अर्थशास्त्रमा कहिल्यै पनि आर्थिक उत्पादन पृथक् हुन सक्दैन । त्यसकारण माओले 'राजनीतिलाई शीर्षमा राख' भन्ने नारा संश्लेषण गर्नुभयो ।

पाँचौँ, माओ सहकारी, सामूहिक उत्पादन हुँदै साम्यवादी अर्थव्यवस्था कम्युनको स्थापना गर्न सफल हुनुभयो । कम्युन उत्पादनप्रणालीले साम्यवादको जग हाल्दै थियो जहाँ मानव श्रम माल बन्न छोड्दै थियो । श्रमले मुक्ति प्राप्त गर्दै मानवजातिको कर्तव्य बन्दै थियो । त्यसमा वर्गविहीन, राज्यविहीन र शोषणरहित समाजको बिरुवा हुर्कंदै थियो । संसारका र चीनका शोषकहरू त्यो बिरुवा निमोठ्न टुप्पीदेखि पैतलासम्मको बल लगाइरहेका थिए । माओको मृत्यु भयो र संशोधनवादीहरू सत्तामा आए । त्यो बिरुवा निमोठियो । त्यसलाई हामीले फेरि रोपेका छौँ । त्यसको फेरि हामीले उत्पादनका साधनहरूमा विज्ञान र प्रविधि जोडेर वैज्ञानिक समाजवादका रूपमा स्थापना गर्नुपर्छ । क्रान्तिकारी वर्गको हातमा त्यसलाई हस्तान्तरण गर्नुपर्छ ।

छैटौँ कुरा, उहाँ १९५१ देखि नै व्यवस्थापनमा भ्रष्टाचार, बर्बादी र नोकरशाहीजस्ता तीन खराबी र प्रशासनमा घुसखोरी, करछली, राज्यसम्पत्तिको चोरी, सरकारी ठेक्कामा ठगी, व्यक्तिगत प्रयोजनका लागि आर्थिक सूचना चोरीजस्ता पाँच खराबीका विरुद्ध लड्नुभयो र यसलाई सांस्कृतिक क्रान्तिसम्म पुऱ्याउनुभयो ।

३) वैज्ञानिक समाजवाद

सर्वप्रथमतः चीनको छिमेकी देश रुसमा समाजवादी क्रान्ति सम्पन्न भएको अवस्थामा त्यहाँ क्रान्तिका लागि अनुकूल परिस्थिति बनेको थियो । तर रुस आधा युरोपमा पर्दथ्यो । जहाँ उद्योग तथा कलकारखानाको विकास भएको थियो भने अर्कोतिर विशाल पूर्वी भाग एशियामा पर्दथ्यो जहाँ सामन्ती कृषिप्रणाली थियो । त्यहाँ मजदुर वर्ग मुख्य चालक शक्ति थियो । रुस आफैँ सामन्ती-साम्राज्यवादी देश थियो । तर चीन जनसङ्ख्यामा विशाल, गाउँ नै गाउँ भएको कृषिप्रधान र अर्धऔपनिवेशिक तथा अर्धसामन्ती देश थियो । माओले लेनिन र युरेसिया पढ्नुभयो । माओ र चीनजस्तै कृषिप्रधान तथा पिछडिएको पूर्वी देशका नेताहरूले लेनिनलाई सोध्नुभयो- हाम्रोजस्तो देशमा क्रान्ति कसरी गर्ने ?

लेनिनले जबाफ दिनुभएको थियो, 'यहाँ तपाईंहरूसामु यस्तो कार्यभार उपस्थित छ जुन सारा विश्वका कम्युनिस्टहरूको अगाडि पहिले कहिल्यै उपस्थित भएको थिएन । साम्यवादका आमसिद्धान्त तथा व्यवहारलाई यस्तो अवस्थाको अनुकूल ढाल्नमा सक्षम हुनुपर्नेछ जहाँ किसान जनसमुदाय जनसाधारणको मुख्य भाग हुन्छ, जहाँ पुँजीका विरुद्ध होइन, अपितु मध्ययुगीन अवशेषहरूका विरुद्ध सङ्घर्षको कार्यभार सम्पन्न गर्नु आवश्यक हुन्छ । यो कठिन र विलक्षण कार्यभार हो परन्तु विशेष रूपले आभारयोग्य छ किनभने सङ्घर्षमा ती जनसाधारण तानिएर आइरहेका छन् जसले अहिलेसम्म सङ्घर्षमा भाग लिएका थिएनन् '।'

अझ अघि बढेर लेनिन भन्नुहुन्छ, 'त्यो कार्यभार यस्तो छ जसको समाधान तपाईंलाई एउटा पनि साम्यवादी पुस्तकमा मिल्नेछैन परन्तु त्यसको समाधान तपाईंलाई त्यो समान सङ्घर्षमा मिल्नेछ जसको सुरुआत रुसले गरेको थियो । तपाईंले यो कार्यभार पूरा गर्नुपर्नेछ र त्यसलाई अनुभवले हल गर्नुपर्नेछ ।'

- पूर्वीराष्ट्रका कम्युनिस्ट सङ्गठनहरूको महाधिवेशनमा भाषण, १९१९ ।

त्यो कठिन र विलक्षण तर आभारयोग्य कार्यभार आफ्नै अनुभवले समाधान गर्न माओले चीनमा १९२४ देखि क्रान्ति सुरु गर्नुभयो । माओले गाउँको काम मुख्य तथा मजदुर र किसानलाई प्रमुख चालक बनाउँदै गाउँले सहर घेर्ने नीति बनाउनुभयो तर छन तु स्यु, लि लि सान र वाङमिङले सहरको काम प्रमुख र मजदुर मात्र प्रमुख चालक शक्ति भएको बताउँदै रुसको नक्कल गर्ने दुस्साहस गरे । अन्ततः माओ चिङकाङसान पहाड चढ्नुभयो र सेना सङ्गठित गरेर अघि बढ्नुभयो । अर्कोतिर कोमिन्ताङलाई जापानका विरुद्ध लड्न संयुक्त मोर्चा बनाउने प्रस्ताव राख्दै जापानविरोधी प्रतिरोध अभियान अघि बढाउन आह्वान गर्नुभयो । छन तु स्यु त पार्टीबाट भाग्यो तर सुरुमा लि लि सान र पछि वाङमिङ दार्शनिक रूपमा जडसूत्रवादी र राजनीतिक रूपमा उग्रपन्थी प्रवृत्तिका साथ नेतृत्वमा आए । उनीहरूले सहरिया विद्रोहको योजना बनाए र माओको गाउँले सहर घेर्ने कार्यदिशा मानेनन् । जब उनीहरू सहरमा केन्द्रित भए एउटा उत्साहका साथ अघि बढिरहेको र माओले निर्माण गरेको तीन लाख जनमुक्ति सेना १९३१ देखि ३३ सम्मको लडाइँमा क्षतविक्षत भयो । माओले १९३४ देखि १९३५ को चुनई बैठकसम्म लम्बे अभियान चलाउनुभयो । २० करोड जनसङ्ख्या छिचोलेर आउँदा फेरि जनमुक्ति सेना उत्तिकै शक्तिशाली भयो । चुनई बैठकमा माओको कार्यदिशा विजयी र वाङ्मिङको कार्यदिशा पराजयी भयो । १९३६-१९४० सम्म माओले निकै राम्रो अध्ययन तथा अनुसन्धान गर्नुभयो । व्यवहारबाट सिद्धान्त संश्लेषण गर्नुभयो ।

दोस्रो, माओले सैन्य कार्यदिशा र राजनीतिक कार्यदिशा संश्लेषण गर्नुभयो । १९३८ मा 'दीर्घकालीन युद्ध', 'युद्ध र रणनीतिका समस्याहरू' लेखेर सर्वहारा वर्गको सैन्य कार्यदिशा स्पष्ट पार्नुभयो । सुरुमा दुस्मन बलियो हुन्छ र हामी कमजोर हुन्छौँ । त्यसकारण हाम्रो नीति रणनीतिक रक्षा हुन्छ । जब दुस्मन र हामी बराबरी अवस्थामा पुग्छौँ तब हाम्रो नीति रणनीतिक सन्तुलन हुन्छ । जब दुस्मन कमजोर हुन्छ र हामी बलियो हुन्छौँ तब हाम्रो कार्यनीति रणनीतिक आक्रमण हुन्छ । यसरी दीर्घकालीन युद्ध विजयी भएर नयाँ जनवादी क्रान्ति पूरा हुन्छ । १९४० मा माओले बल्ल नयाँ जनवादी राजनीतिक कार्यदिशा स्पष्ट पार्नुभयो । यो पनि आधारइलाका र स्थानीय सत्ता अभ्यासबाट संश्लेषण गरिएको थियो । अर्धऔपनिवेशिक र अर्धसामन्ती देशमा पुँजीवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादमा पुग्ने पुलका रूपमा नयाँ जनवादको विकास गरियो । यो माओको कार्यदिशाक्रान्तिकारी योगदान हो ।

तेस्रो, माओले कम्युनिस्ट पार्टीलाई श्रमजीवी तथा उत्पीडित वर्गको अग्रदस्ता बनाइरहने विधिको विकास गर्नुभयो । विवादका विषयलाई विचारधारात्मक रूपमा उठाएर झिनामसिना कचिङ्गलमा फस्न नदिनु, बृहत् जनवादको अभ्यासमा आक्रोश, आवेग र असन्तुष्टि व्यक्त हुन दिएर केन्द्रीयतामा बदल्नु, सयौँ फूलहरू फुल्ने र हजारौँ विचारशाखाहरूलाई खेल्ने स्वतन्त्रता दिँदै बासनादार फूलहरूको रक्षा गर्नु र विषालु झारपात गोडेर जैविक मल बनाउने, आफ्नो टाउकोमाथि आफैँ आगो लगाउने, तथ्यहरूबाट सत्य पत्ता लगाउने र जनताबाट लिएर उनीहरूलाई दिनेलगायत विधिले कम्युनिस्ट पार्टीलाई समृद्ध बनाएको छ ।

चौथो, उहाँले वैज्ञानिक समाजवाद ल्याउने मात्र होइन, बरु त्यसलाई टिकाएर साम्यवादमा पुग्ने महान् सर्वहारा सांस्कृतिक क्रान्तिको बाटोमा अघि बढाउनुभयो । तर यो कार्यभार अधुरो छ । १९७६ मा उहाँको मृत्युपछि अघि बढ्न पाएको छैन । महासचिव क. विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले यसलाई एकीकृत जनक्रान्तिमा एकीकृत गरी समीक्षामा प्रवेश गर्दै आठौँ महाधिवेशनबाट आफ्नो मार्गदर्शक र जीवनदर्शन बनाएर जाने निर्णय गरेको छ । १२६ औँ माओ दिवसका सन्दर्भमा हामी महान् मालेमावादको विकास गर्ने र लालझन्डा बोकेर लालझन्डाकै बदनाम गर्ने गद्दारहरूको जरा उखेल्ने प्रतिबद्धता जाहेर गर्दछौँ ।

(पुनर्मुद्रित)

# बेल्जियमस्थित नेपालीद्वारा राजदूत लोकबहादुर थापाको अलोकतान्त्रिक हर्कतको भर्त्सना

बेल्जियममा बस्ने नेपालीले बेल्जियमस्थित नेपाली राजदूत लोकबहादुर थापाले भारतीय साम्राज्यवादी हस्तक्षेपविरुद्ध ज्ञापनपत्र बुझ्न समय दिएर पनि भारतविरुद्ध ज्ञापनपत्र बुझ्दिनँ भनी जारी गरेको सूचना अलोकतान्त्रिक हर्कत भन्दै घोर भर्त्सना गरेका छन् । बेल्जियमस्थित नेपालीहरूको सङ्गठन नेपाली जनप्रगतिशील मोर्चा बेल्जियमका अध्यक्ष मेखबहादुर गुरुङले विज्ञप्ति जारी गर्दै राजदूत थापाको उक्त कार्यको भर्त्सना गरेका हुन् ।

गुरुङद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपालमाथि भारतले गरेको विविधखाले हस्तक्षेपका विरुद्ध र हालै भारतले नेपाली भूमि समेटेर तयार पारेको नक्सा सच्याउन तथा नेपाली भूमिबाट भारतीय सेना फिर्ता लैजान आह्वान गर्दै बेल्जियमस्थित नेपाली समुदायका तर्फबाट भारतीय दूतावासअगाडि विरोध कार्यक्रम सम्पन्न गरिसकिएको छ । यसरी निरन्तर रूपमा नेपालमाथि भारतीय हस्तक्षेप हुनुको प्रमुख कारण नेपाली सत्ताधारीहरूको आत्मसमर्पणवादी तथा दलाल चरित्र हो भन्ने हाम्रो ठहर छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाली भूमि समेटेर भारतले आफ्नो नक्सा प्रकाशन गर्दा र नेपाली भूमिमा भारतीय सेना रहेको राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा आवाज उठ्दा पनि नेपाल सरकारले देशको सार्वभौमिकताको रक्षाका लागि कुनै पनि ठोस कदम उठाएको पाइएन ।'

विज्ञप्तिमा भनिएको छ, 'यस विषयमा चुपचाप नबस्न, तत्काल पहलकदमी लिन नेपाल सरकारलाई आह्वान गर्दै बेल्जियमका लागि नेपाली राजदूत लोकबहादुर थापामार्फत नेपालका प्रधानमन्त्रीलाई ज्ञापनपत्र हस्तान्तरण गर्नका लागि यही ९ डिसेम्बर २०१९ सोमबार बिहान ११ बजेका लागि समय निर्धारण गरिएको थियो । उक्त समय राजदूत लोकबहादुर थापाले नै निर्धारण गरेका थिए । उक्त ज्ञापनपत्र हस्तान्तरण गर्नका लागि बेल्जियमस्थित सबै नेपाली वैचारिक संस्थाका नेतृत्व तथा प्रतिनिधिको उपस्थितिको निर्धारण भैसकेको थियो । अचानक दूतावासका तर्फबाट भारतीय हस्तक्षेपका विषयमा ज्ञापनपत्र लिन नसकिने तर अन्य विषय भए छलफल गर्न आउनुहोला भन्दै सूचना गरेपछि हामी स्तब्ध बनेका छौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'नेपाल सरकार र मातहतको कूटनीतिक नियोगको यो अलोकतान्त्रिक तथा गैरजिम्मेवार कार्यको हामी घोर भर्त्सना गर्दछौँ । नेपाल सरकारले यो कूटनीतिक काम हो भन्ने तर आफ्नातर्फबाट कुनै पहलकदमी नलिने, भारतीय हस्तक्षेपको विरोध नगर्न जनतालाई आह्वान गर्ने, अन्तर्राष्ट्रियकरण गरे जटिल समस्यामा परिन्छ भन्दै जनतालाई आतङ्कित पार्ने खोज्ने र भारतीय हस्तक्षेपको विरोध गर्नेलाई दमन तथा धरपकड गर्ने नेपाल सरकारको रवैयाको हामी कडा शब्दमा निन्दा गर्दछौँ । साथै नेपाली राजदूत लोकबहादुर थापाको अलोकतान्त्रिक कदम र गैरजिम्मेवार कार्यशैलीलाई सच्याउन हामी यसै विज्ञप्तिमार्फत आह्वान गर्दछौँ ।'

# अनेमसङ्घ क्रान्तिकारी रौतहटको जिल्ला भेला

■ रातो खबर संवाददाता/काठमाडौँ

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी, जिल्ला समिति रौतहटको दोस्रो जिल्ला भेला सम्पन्न भएको छ । उक्त भेलाले विनिता परियारको अध्यक्षमा ११ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

रौतहट जिल्ला सेक्रेटरी सिसम शाहीको प्रमुख आतिथ्य एवम् उक्त सङ्गठनको नारायणी ब्युरो संयोजक रेखा मगरको उपस्थितिमा भेला सम्पन्न भएको हो ।

भेलालाई सम्बोधन गर्दै सिसम शाहीले भनिन्, 'दोस्रो दर्जाको नागरिकबाट माथि उठ्नका लागि हामीले निरन्तर सङ्घर्ष गर्नुपरेको छ । असमानता र अराजकताको अवस्थाको मूल कारण संसदीय दलाल पुँजीवादी व्यवस्था हो । वर्गीय मुक्ति नभएसम्म महिलाका हकअधिकार सुरक्षित हुँदैनन् । महिलाका हकअधिकारलाई सुरक्षित गर्न एकीकृत जनक्रान्ति आवश्यक छ । त्यसकारण यस क्रान्तिमा होमिन सम्पूर्ण महिला दिदीबहिनीलाई आग्रह गर्दछु ।'

त्यस्तै विशिष्ट अतिथि रेखा मगरले महिला मुक्तिका लागि एकताबद्ध भएर एकपटक सङ्गठित हुनुपर्ने धारणा राखिन् । उनले भनिन्, '२१ औँ शताब्दीका हामी महिला आजको दिनमा पनि कुखुराजस्तै भएर बसिरहेका छौँ । हाम्रो दृष्टिक्षितिजमा कति नै दुनियाँ पर्छ ? कति दिनसम्म हामीले कुखुरा भएर आँगन खोस्रिनुपर्ने हो ? त्यही भएर एकपटक महिलाले आकाशमा उड्ने चिल बन्नुपर्छ । आकाशबाट धर्ती नियाल्नुपर्छ ।' उनले भनिन्, 'राष्ट्रियता, जनतन्त्र, जनजीविका र महिला मुक्तिका निम्ति अनेमसङ्घ क्रान्तिकारी निरन्तर सङ्घर्षको मैदानमा छ । महिलाहरूले पनि यो देशमा ठूलठूला इतिहास रचेका छन् । परिवर्तनका लागि आफ्नो जीवन बलिदान दिएका छन् । तर हामीले सोचेको र देखेको सपना पूरा भएन । त्यसैले फेरि पनि एकपटक अधिकारका लागि उठ्नुपर्ने, जुट्नुपर्ने अवस्था आएको छ ।'

# सङ्गठनलाई बदनाम नगर्न काफ्लेलाई अखिल क्रान्तिकारीको चेतावनी

■ रातो खबर संवाददाता/कैलाली

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) सेती-महाकाली क्षेत्रीय समन्वय समितिले दलाल राज्यको प्रशासनसमक्ष आत्मसमर्पण गरेका पदम काफ्लेलाई यसअघि नै सङ्गठनले कारबाही गरिसकेकाले फेरि नाम जोडेर भ्रम उत्पन्न नगर्न चेतावनी दिएको छ ।

अखिल (क्रान्तिकारी) का सेती-महाकाली क्षेत्रीय समन्वय समितिका संयोजक वीरेन्द्र शाहले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै इमानदारीपूर्वक देश र राष्ट्रका निम्ति कार्यक्रममा जुटिरहेको सङ्गठनका सम्पूर्ण नेता-कार्यकर्तालाई आत्मसमर्पणवादी र अराजक तत्वको भ्रममा नपरी आन्दोलनको मोर्चामा सशक्त रूपमा डटिरहन विशेष अनुरोध गरेका छन् ।

संयोजक शाहले विज्ञप्तिमा भनेका छन्, 'दलाल राज्यको प्रशासन र प्रहरीसमक्ष आफू स्वतन्त्र हुने निवेदनसहित सरकारी नेकपाको संरक्षणमा आत्मसमर्पण गरेर रिहा भएका पदम काफ्लेलाई मिति २०७६ साल कात्तिक ८ गतेका दिन सङ्गठनको कैलाली जिल्ला अध्यक्ष र सम्पूर्ण जिम्मेवारीबाट अनिश्चित कालका लागि निलम्बन गरिएको थियो ।'

शाहले विज्ञप्तिमा अगाडि भनेका छन्, 'इमानदारीपूर्वक सङ्गठनको कारबाही भोग्न र सङ्गठनविरोधी क्रियाकलापमा नलाग्न सचेत गराउँदा पनि सङ्गठनको अध्यक्ष नै रहेको प्रचार गर्ने, जिल्ला स्तरका विद्यार्थी नेताहरूका बीचमा भ्रम सिर्जना गर्ने र भाँडने गतिविधिमा रहेका थिए र हाल आएर अखिल (क्रान्तिकारी) कैलालीको अध्यक्ष भनेर सरकारी नेकपामा प्रवेश गरेको कुरा आएको छ । साथै फर्जी नामावली तयार गरी भ्रम सिर्जना गर्न खोजिएको छ ।'

संयोजक शाहले विज्ञप्तिको अन्त्यमा भनेका छन्, 'सङ्गठनले कारबाही गरेका पदम काफ्ले र एकदुईजना अराजक तत्वबाहेक अरू कोही कहीँकतै नगएको कुरा सम्प्रेषण गर्दछौँ र पदम काफ्लेको सङ्गठनबाट साधारण सदस्यतासमेत खारेज गर्दै निष्कासन गर्दछौँ । हाम्रो सङ्गठनको नाम जोडेर यस्ता लज्जास्पद हर्कत नदोहोर्‍याउन सचेत गराउँछौँ । साथै सङ्गठनका सम्पूर्ण कमरेडहरूलाई आत्मसमर्पणवादी, अराजक तत्वको भ्रममा नपरी आन्दोलनको मोर्चामा सशक्त रूपमा डटिरहन विशेष अनुरोध गर्दछौँ ।'

# विमललाई पत्नीशोक, नेकपाद्वारा समवेदना व्यक्त



■ रातो खबर संवाददाता/काठमाडौँ

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी नारायणी ब्युरो र चितवन जिल्ला समितिले बेग्लाबेग्लै शोक तथा समवेदना विज्ञप्ति प्रकाशित गरी दुर्घटनामा परी पार्टीका ब्युरो सदस्य विमलकी जीवनसँगिनी मीना घिमिरे (खड्का) सहित ५ जनाको मृत्यु भएकोप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेका छन् । ब्युरोका तर्फबाट ब्युरो इन्चार्ज शीतल तथा चितवन जिल्ला इन्चार्ज शार्दूल र सेक्रेटरी विजय शर्माले बेग्लाबेग्लै जारी गरेको श्रद्धाञ्जली तथा समवेदना वक्तव्यमा मृतकहरूप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरिएको छ । ब्युरोद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यही २०७६ साल मङ्सिर २१ गते बेलुकापख चितवन जिल्लाको राप्ती नगरपालिकाको वडा नं. ११ भण्डारामा घर फर्किँदै गर्दा अटो दुर्घटनामा परी हाम्रो पार्टीका ब्युरो सदस्य कमरेड विमलकी जीवनसँगिनी मीना घिमिरे (खड्का) सहित ५ जनाको मृत्यु भएको खबरले हाम्रो पार्टी मर्माहत भएको छ । उक्त दुर्घटनामा परी मृत्यु हुने मीना घिमिरे (खड्का) लगायत सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हाम्रो पार्टी हार्दिक समवेदना व्यक्त गर्दछ ।'

त्यस्तै जिल्ला समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'राप्ती नगरपालिका वडा नं. ९ निवासी हाम्रो पार्टीका ब्युरो सदस्य कमरेड विमलकी जीवनसँगिनी मीना घिमिरे (खड्का) लगायत ५ जनाको यही २०७६ साल मङ्सिर २१ गते राप्तीकै चौकीडाँडाबाट घर फर्किँदै गर्दा अटो दुर्घटनाबाट मृत्यु भएको खबरले हाम्रो जिल्ला पार्टी दुःखी भएको छ । उक्त दुर्घटनामा मृत्यु हुनुहुने मीना घिमिरे (खड्का) लगायत सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हाम्रो पार्टी समवेदना व्यक्त गर्दछ ।'

# गैरकानुनी थुनाविरुद्धको बन्दी प्रत्यक्षीकरण रिट नै खारेज

■ रातो खबर संवाददाता/काठमाडौँ

नेकपा निकट मजदुर सङ्गठनका जितबहादुर खपाङ्गी र बिजेशप्रसाद ढकालको रिहाइको माग गरी मङ्सिर १२ गते सर्वोच्च अदालतमा बालकुमारी लुङ्गेलीले दर्ता गराएको बन्दी प्रत्यक्षीकरण रिट निवेदन खारेज भएको छ ।

शुक्रबार सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुयाल र प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासमा भएको बहसपछि सुनुवाइ गर्दै रिट खारेजीको आदेश दिइएको हो ।

खपाङ्गी र ढकाललाई मङ्सिर ७ गते ललितपुरको एकान्तकुनाबाट सादा पोसाकका प्रहरीले गिरफ्तार गरेको रिट निवेदक लुङ्गेलीले बताइन् । दुवैजनालाई ललितपुर प्रहरी कार्यालय जाउलाखेल हिरासतमा राखिएको छ । खपाङ्गी यसअघि पनि गिरफ्तार भई अदालतको आदेशमा धरौटीमा रिहा भएका थिए ।

त्यस्तै विभिन्न जिल्लामा प्रहरी हिरासतमा राखिराखेका पार्टी तथा सङ्गठनका १० जनालाई लिखित कारणसहित बन्दीलाई अदालतमा पेस गर्न सर्वोच्चकी न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले आदेश दिएको छ ।

शुक्रबार इजलास नं ९ मा भएको बहसपछि सुनुवाइ गर्दै न्यायाधीश मल्लको इजलासले हिरासतमा बन्दी बनाइराखिएका मीनाकुमारी साउद, अनिल केसी, राम विश्वकर्मा, तिलक कुँवरसहित १० जनालाई प्रहरी हिरासतमा राखिनुको लिखित कारणसहित पेस गर्न आदेश दिएको हो ।

साउदका तर्फबाट पुष्पाकुमारी साउद, केसी र विश्वकर्मासहित दुईजना तथा कुँवरसहित ६ जनाका तर्फबाट दुर्गा सुन्चौरीले बिहीबार सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट निवेदन दर्ता गरेका थिए ।

# नेकपाले लगायो रूख कटानी र तस्करीमा प्रतिबन्ध

■ रातो खबर संवाददाता/कञ्चनपुर

नेपाल कम्युनिस्ट पार्टीले मनपरी बन फडानी गर्न रोक लगाएको छ । सरकारी भ्रष्टाचार र लूटको नयाँ आयामका रुपमा 'वैज्ञानिक बन व्यवस्थापन कार्ययोजना' का नाममा बनभित्रका हरिया, ठूलाठूला रूख काट्ने र सामुदायिक बन समितिका पदाधिकारी, ठेकेदार, बनमाफिया, बन कार्यालयको मिलोमतोमा काठ तस्कर गर्ने गरेको पाइएकाले प्रतिबन्ध लगाइएको नेकपा कञ्चनपुरले जनाएको छ ।

जिल्ला पार्टीसचिव रविले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'ओली-दाहाल नेतृत्वको सामाजिक दलाल पुँजीवादी प्रवृत्ति तथा उनीहरुको राष्ट्रघाती, जनघाती र फासिस्ट चरित्रका विरुद्ध हामी निरन्तर सङ्घर्षमा छौँ । गाउँगाउँमा सिंहदरबारको नाराले मुठीभर दलालहरूलाई वैधानिक रूपमा भ्रष्टाचार गर्न छूट गरेको छ । नेपाली जनतालाई दोहोरो-तेहेरो कर, महँगी, बेरोजगारी, अशान्ति, असुरक्षाको आहालमा डुबाएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा 'कङ्गाल नेपाल, दुःखी नेपाली' हुन गएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यो दलाल सरकारको भ्रष्टाचार र लूटको नयाँ आयाम वैज्ञानिक बन व्यवस्थापन कार्ययोजनाको अवधारणा ल्याएर बनभित्रका हरिया, ठूलाठूला रूख काट्ने र सामुदायिक बन समितिका पदाधिकारी, ठेकेदार, बनमाफिया, बन कार्यालयको मिलोमतोमा काठ तस्कर गर्ने कुनियत यिनीहरुको व्यवहारले स्पष्ट हुन गएको छ । स्थानीय उपभोक्तालाई भ्रममा पारेर जनताको जनजीविकालाई प्रत्यक्ष असर पर्ने गरी रूख कटानी भइरहेकोप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ ।'

पार्टीको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'अन्तर्राष्ट्रिय मापदण्डविपरीत पर्यावरणको ख्याल नगरीकन बन विनाश हुने गरी हुन गइरहेको रूख कटानीकार्यमाथि नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरले प्रतिबन्ध लगाएको यसै विज्ञप्तिमार्फत जानकारी गराउन चाहन्छौँ । कञ्चनपुरका विभिन्न क्षेत्रमा वैज्ञानिक बन कार्यक्रमका नाममा भइरहेको रूख कटानी तत्काल रोक्न सम्बन्धित पक्षलाई आग्रह गर्दछौँ । जनताको, देशको प्राकृतिक सम्पत्ति अन्धाधुन्ध नष्ट गर्ने, यस्तो घृणित, आपराधिक कार्य तत्काल नरोकिए दोषीमाथि कडाभन्दा कडा कारबाही गरिने जानकारी पनि यसै विज्ञप्तिमार्फत दिन चाहन्छौँ ।'

## प्रतिरोध सङ्घर्षका ...

अरुणले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टीका ब्युरो सदस्य तथा सिन्धुली जिल्ला सेक्रेटरी क. कपिललाई प्रहरीले गिरफ्तार गरेको छ । उहाँलाई २०७६ मङ्सिर २० गते उपचारका लागि हेटौँडा गएको बेला अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गरिएको हो ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'वर्तमान दलाल संसदीय पुँजीवादी सत्ताले विगत केही महिनादेखि नै आफ्नो फासिवादी हर्कत बढाउँदै लगेको छ । हाम्रो पार्टीका नेता, कार्यकर्ता तथा शुभचिन्तकसमेतलाई अमानवीय र गैरकानुनी ढङ्गले दमन गर्ने, गिरफ्तार गर्ने, झूट्टा मुद्दा थोपर्ने र हत्यासमेत गर्ने काम गरिरहेको छ । केपी-प्रचण्डमण्डली सरकारको यसप्रकारको गैरराजनीतिक, गैरकानुनी र कायरतापूर्ण अमानवीय हर्कतको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'यस्ता क्रियाकलाप तुरुन्त बन्द गर्न र गिरफ्तार कमरेडलाई तत्कालै बिनासर्त ससम्मान रिहा गर्न हाम्रो पार्टी जोडदार माग गर्दछ । अन्यथा त्यसविरुद्ध सशक्त प्रतिरोध सङ्घर्ष गर्न बाध्य हुने र त्यसको जिम्मेवार सरकार आफैँ हुनुपर्ने जानकारीसमेत यसै विज्ञप्तिमार्फत गराउँछौँ ।'

# युवा सङ्गठन नेपाल सल्यानको तेस्रो भेला सम्पन्न



■ रातो खबर संवाददाता/सल्यान

नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन युवा सङ्गठन नेपाल सल्यानको तेस्रो जिल्ला भेला शनिबार सम्पन्न भएको छ । भेलाले वसन्तको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

सल्यान जिल्लाका युवा नेता असलको प्रमुख आतिथ्य तथा नेपाल कम्युनिस्ट पार्टीका सल्यान जिल्ला सेक्रेटरी लोकपाल, युवा सङ्गठनका राप्ती ब्युरो इन्चार्ज अनिल र युवा सङ्गठनका केन्द्रीय सदस्य वीरेन्द्रको विशिष्ट आतिथ्यमा भएको कार्यक्रमका वक्ताहरूले एकीकृत जनक्रान्ति नयाँ युगको मार्क्सवाद भएकाले त्यसैले यसमा सबैखालका उत्पीडनको हल हुने बताएका थिए । वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न एकीकृत जनक्रान्तिबाट मात्र सम्भव रहेको भन्दै यसमा सबै युवाहरू लाग्न आवश्यक भइसकेको वक्ताहरूले बताए ।

युवा सङ्गठन नेपाल राप्ती ब्युरो इन्चार्ज अनिलले नेपाली जनताको जनजीविका, राष्ट्रिय स्वाधीनताको रक्षा र फासिवादका विरुद्ध डटेर अन्तिम लडाइँभन्दा अर्को विकल्प नभएको प्रस्ट पार्दै सल्यानी परिवर्तनकारी आम युवाहरूलाई गोलबन्द हुन अपिल गरे ।

भेलाले युवा सङ्गठन सल्यानको उपाध्यक्षमा मछेन्द्र, सचिवमा गोविन्द, सहसचिवमा मोहन र कोषाध्यक्षमा केपी मगरलाई चयन गरेको छ ।

वर्ष ५, अङ्क २४, पूर्णाङ्क २१९ रातो खबर साप्ताहिक

समय समीक्षा

# ‘देशद्रोही’ स्रष्टाहरूका ‘राजद्रोही’ र ‘राज्यविप्लवी’ सिर्जना

## मस्त निद्राबाट जागेको छ मेरो देश



अशोक सुवेदी

*भारतीय साम्राज्यवादलाई महाकाली बुझाउने केपी वलीहरू कथित राष्ट्रवादी बनेर सत्तारोहण गर्नु, नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीलाई मुक्तिको ललीपप देखाएर बलिदान गराउने तर आफू लुसुक्क दुस्मन क्याम्पमा घुस्रिने पुष्पकमल दाहालहरू मार्क्सवादी-लेनिनवादी कहलिने तर आजीवन क्रान्तिकारी बनेर देश, जनता र श्रमिक वर्गका लागि बलिदान हुन तयार हुने विप्लव र उनी नेतृत्वको पार्टी नेकपाका नेता-कार्यकर्ताहरू देशद्रोही हुने र प्रतिबन्धित जीवन भोग्दै जेल र हिरासतका चिसा छिँडीहरूमा जीवन बिताउनुपर्ने उट्पट्याङ्पूर्ण खेल समयले खेलिरहेको छ ।*

हृदयका हरेक धड्कनहरूमा जो देश, श्रमिक वर्ग र जन्मथलोको माया गरिरहन्छ, देश र जनताकै लागि जो जीवनलाई हत्केलामा राखेर जीवनमरणको लडाइँ लडिरहेको छ, यो सत्ता उसैलाई देशद्रोही भन्छ, राजद्रोही भन्छ र राज्यविप्लव गरेको आरोप लगाउँछ । समाउँछ, थुन्छ, हत्यासम्म गर्छ । अहिले यस्तै भइरहेको छ किनकि यतिबेला सक्कली देशद्रोहीहरूको हातमा डन्डा छ । हतियार छ । अर्थतन्त्र छ । लूटतन्त्र छ । अर्थात् शासनसत्ता छ । सायद यही अवस्थालाई चित्रण गरेर होला धेरै पहिले, जनयुद्धताका कवि दिल साहनीले भनेका थिए- मेरो देशले यतिबेला भक्ति थापा होइन, लेन्डुपदोर्जे दिएको छ । अर्थात् देशभक्तको हत्या गरेर राष्ट्रद्रोही दिएको छ ।

कहिलेकहीँ समयले यसैगरी समयसँग परीक्षा लिँदो रहेछ । भारतीय साम्राज्यवादलाई महाकाली बुझाउने केपी वलीहरू कथित राष्ट्रवादी बनेर सत्तारोहण गर्नु, नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीलाई मुक्तिको ललीपप देखाएर बलिदान गराउने तर आफू लुसुक्क दुस्मन क्याम्पमा घुस्रिने पुष्पकमल दाहालहरू मार्क्सवादी-लेनिनवादी कहलिने तर आजीवन क्रान्तिकारी बनेर देश, जनता र श्रमिक वर्गका लागि बलिदान हुन तयार हुने विप्लव र उनी नेतृत्वको पार्टी नेकपाका नेता-कार्यकर्ताहरू देशद्रोही हुने र प्रतिबन्धित जीवन भोग्दै जेल र हिरासतका चिसा छिँडीहरूमा जीवन बिताउनुपर्ने उट्पट्याङ्पूर्ण खेल समयले खेलिरहेको छ । समयले आजको समयकै पनि परीक्षा लिइरहेको छ ।

तर समय सधैँ उल्टो मात्र बगिरहँदैन । देशभक्त स्रष्टाहरू सिर्जना हतियार लिएर सडकमा निस्किरहेका छन् र बलिदानको कोटा चुक्ता गर्न तयार भइसकेका छन् मातृभूमिका लागि बलिदान दिने अठोटका साथ । मङ्सिर २४ गते मङ्गलबार गोङ्गबुमा देशभक्त तथा क्रान्तिकारी स्रष्टाहरूले गरेको सडक कविता सङ्घर्षको उद्घोष यसको एउटा उदाहरण हो । आन्दोलनमा उत्रिने कविहरूको सङ्ख्या सयौँ छ । कोही भौतिक रुपमै सडकमा र कोही साङ्केतिक रुपमै भए पनि आन्दोलनमा सामेल हुने क्रम बढेको छ ।

कवि रामप्रसाद ज्ञवाली भन्छन् :

बाज हे ! क्रूरता तेरो सधैँ सधैँ सहन्नँ म !
सधैँ रुन्चे सधैँ लाछी सधैँ काँतर हुन्नँ म !
अब तेरो इसारामा पानी बन्दै बहन्नँ म !
मेरो जीवनमा तेरो हस्तक्षेप सहन्नँ म !

मुलुकको राष्ट्रियतामाथि साम्राज्यवादी अतिक्रमणका विरुद्ध विस्फोटित स्रष्टा ज्ञवाली अझ अघि भन्छन् :

मेरो भूमि नदीनाला तँलाई टेक्न दिन्नँ म !
मै लेख्छु जिन्दगी मेरो तँलाई लेख्न दिन्नँ म !
नयाँ नेपालको यात्रा तँलाई रोक्न दिन्नँ म !
कानमा गीत गाएर गालामा टोक्न दिन्नँ म !

दलाल पुँजीवाद समृद्ध नेपाल र सुखी नेपाली नामको नक्कली जामा पहिरिएर देशलाई कङ्गाल र जनतालाई भिकमङ्गा बनाउने अभियानमा लागिरहेको सन्दर्भमा भारतीय साम्राज्यवाद नेपाली भूमिमै सेना राखेर र सीमा अतिक्रमण गरेर गिद्धजस्तै नेपाली राष्ट्रियता लुट्न उद्यत छ भने भारतीय साम्राज्यवाद नेपाललाई याङ्कीको अखडा बनाएर एसियाको आतङ्ककेन्द्र बनाउने षड्यन्त्रमा उद्यत छ । नेपालका लेन्डुपदोर्जेहरू अमेरिकी साम्राज्यवादको प्रस्तावप्रति सकारात्मक रहेको जबाफ फर्काएर मालिकको भक्ति गरिरहेका छन् भने कालापानीमा आफ्नो सेना राखेर हाम्रो मातृभूमिमा मार्च पास्ट गरिरहेको भारतीय साम्राज्यवादी अतिक्रमणको प्रतिरोध गर्नुको साटो केपी वली सरकारका प्यादाहरू ‘कूटनीतिक पहल’ को नाटक गरेर राष्ट्रियता बचाउन उर्लिएको जनसागरको वेग घटाउने षड्यन्त्रमा तल्लीन छन् । साम्राज्यवादको चित्रण गर्दै स्रष्टा ज्ञवाली भन्छन् :

मिच्दै जमिन यो मेरो न्याल काढेर बाँच्दछस् !
सीमास्तम्भ उखेलेर बन्दै राक्षस हाँस्दछस् !
तेरो सोच तथा हाँसो असाध्यै अपवित्र छ !
नछो नेपालको माटो यो असाध्यै पवित्र छ !

तेरो सेतो लुगाभन्दा सेतो मेरो हिमाल छ !
तेरो चौडा जिमीभन्दा मेरो छाती विशाल छ !
नटेक् यो वीरको भूमि क्रान्तिका बीज छन् यहाँ !

नछो यो बुद्धको भूमि शान्तिका दीप छन् यहाँ !

नठानेस् दास तेरो हुँ जे गरे नि सहन्छु म !
आफ्नो अस्तित्वका निम्ति युगौँ लडिरहन्छु म !
हार्छ नेपाल ठान्दो होस् वीरता हार्छ पो कहाँ ?
कसरी हार्छ यो राष्ट्र म ज्युँदै छु अझै यहाँ !

तँलाई देशमा मेरो साँढेझैँ चर्न दिन्नँ म !
ईर्ष्या विद्वेषका बीज देशमा छर्न दिन्नँ म !
नेपाली भूमिमा राज्य तँलाई गर्न दिन्नँ म !
मर्नै परे म नै मर्छु देश यो मर्न दिन्नँ म !

मेरो शरीरमा रातो रक्त बाँकी रहेतक
देशका निम्तिमा मर्ने भक्त बाँकी रहेतक
नेपाल राष्ट्र यो मेरो रहनेछ सुरक्षित
यो देशका सबै शत्रु हुनेछन् क्षत-विक्षत ।

स्रष्टाहरूको हृदयमा राष्ट्रभक्तिको आगो सल्किएको छ । के पूर्व, के पश्चिम, के उत्तर, के दक्षिण सबैसबैतिरका राष्ट्रवादी स्रष्टाहरू देशको हितलाई केन्द्रमा राखेर सिर्जना गरिरहेका छन् । जनताको त्याग र बलिदानको भावनामाथि टेकेर सत्तामा पुगेका राष्ट्रघाती र जनघातीहरूप्रति कटाक्ष गर्दै कवि राधा दुलाल कार्कीले एक दिन सुनौलो बिहान जन्मिने सुन्दर आशा व्यक्त गरेकी छिन् । ‘आदर्श मानव’ शीर्षक कवितामा उनी भन्छिन् :

सलाम छ
तिम्रो स्वतन्त्रताको सोचलाई !
दासत्व मुक्तिका लागि
जीवनभर मस्तिष्क खियायौ
कैयौँपटक कोठरीमा थुनियौ
कैयौँपटक प्रतिबन्धका फिरहरू रोपिए
फेरि पनि तिमीले
उन्मुक्तिको बुलन्द गीत गाइरह्यौ !

विचारको कुलेसो डोऱ्याएर
जब तिमी बस्तीमा बग्यौ
तब एकाएक उठे
हातमा कुटो र गैँती बोकेर
हजारौँ-हजार निर्धा मान्छेहरू
तिनै मान्छेहरूको बलिदानमा टेकेर
भोक बेचिरहेको सडक
अन्ततः विजयी घोषित भयो !

केही मुठ्ठीभर सोचले
स्विकार्न सकेन यो परिवर्तनलाई
भुन्टी र रामेको स्कुल जाने सपना
जोमसोमकी आमाको
सेतो भात खाने रहर
हुम्लेली बाबाको
न्यानो कपडा भिर्ने मन
एकाएक किनारा लाग्दै गए
समताको नारा त कता हो कता
राजनीतिको व्यापार फस्टाएको छ मनग्गे !

आज पनि उस्तै छ सडक !
जो आए पनि
जो गए पनि
ऊ प्रतिकार गर्दैन
बरु प्रतिबद्धता प्रकट गर्छ
तिम्रो सपना अधुरो छोड्ने छैन
जबसम्म,
विभेद रहन्छ धर्तीमा
तबसम्म,
निरन्तर गाइरहने छ ऊ
उन्मुक्तिका बुलन्द गीतहरू ।

यो मुलुकका शासकहरूले उनीहरूप्रति प्रश्न गर्न, सन्देह गर्न र जबाफ खोज्न प्रतिबन्ध लगाएका छन् । उनीहरूको लूटको स्वर्गमा धक्का पुग्ने ठानेर विद्रोहीहरूमाथि उनीहरूले छेकबार लगाएका छन् र कयौँ विद्रोहीहरूलाई जेल र नेलमा जकडेर कैदी-बन्दी बनाएका छन् । प्रायः हुकुमी र निरङ्कुश शासकहरू यस्तै उल्टो सोच्छन् । विचार त मस्तिष्क र हृदयबाट निष्पन्न हुन्छ तर मन्दबुद्धि शासकहरू शरीरलाई थुन्छन् हिरासत र जेलमा । हिरासत र जेलमा त मानिसको शरीर पो थुनिन्छ, उसको विचार त थुनिँदैन नि ! तर मूर्ख शासकहरू पटकपटक उरन्ठेउलो उमेरमा कालीदासले गरेको जस्तै उट्पट्याङ्पूर्ण र बहुलट्ठीपूर्ण गल्ती दोहोऱ्याइरहन्छन् । उनीहरूको यो बहुलट्ठीपन तिनका हनुमान र प्यादाहरूले देख्दैनन् । तिनको मस्तिष्कको बन्द ढोकाबाट विद्रोही स्वरहरू बाहिर निस्किँदैनन् किनकि दासहरू मालिकका विरुद्ध बोल्नुलाई ‘पाप’ र ‘अपराध’ सम्झिन्छन् र देखे पनि भन्न सक्तैनन् । तर जोदाहा स्रष्टाहरू निरङ्कुश शासक जङ्गबहादुरका सिपाहीहरूका बीचको बाङ्गो रुखलाई सोभो भन्न नमान्ने बरु मर्न तयार हुने विद्रोही सिपाहीजस्तै हुन्छन् । उनीहरू भन्छन्- मेरो गर्धन चिलाएको हो कि महाराजका आँखा फुटेका हुन्, यो रुख त बाङ्गै छ । यस्तै विद्रोही चेत बोकेका स्रष्टा मनोज लम्साल ‘प्रश्नहरूको आयतन’ शीर्षक कवितामा भन्छन् :

शासकहरू प्रश्नलाई कुनै विषालु सापझैँ
कुल्चिन खोज्छन्
सदियौँदेखि लाठी, बन्दुक र सङ्गीनहरूले
रोपिएका छन् प्रश्नहरू
कति प्रश्नहरू फ्याँकिएका छन्
रद्दीका खाल्डाहरूमा
र कति बगेका छन्
अनन्त दुःखका भेलमा
यी इतिहासका गर्तमा हेलिएका प्रश्नहरू
शासकका बुटले निर्मम कुल्चिएका प्रश्नहरू
हावाका कण बनेर घुमिरहेछन्
यो वायुमण्डलमा
भरेर यी प्रश्नहरूको प्राणवायु छातीमा
हुर्कंदैछन् बालकहरू
प्रश्नको निर्मम चोटले रन्थनिएको
विद्रोही मस्तिष्क लिएर
व्यवस्थाको हन्डर खपेर मजबुत
भएका हातखुट्टा लिएर
यी मस्तिष्कहरूले खोट्नेछन्
इतिहासमा दबिएका शोषण र उत्पीडनका
सजिला प्रश्नहरूका निर्मम उत्तरहरू
यी हातखुट्टाले प्रतिकार गर्नेछन्
खुनी प्रहारहरू
हे ! शासकहरू हो
तिम्रो बुट, लाठी र बन्दुकले
नाप्न सक्नेछैन
यी प्रश्नहरूको आयतन
किनकि यी प्रश्नहरू
धर्ती र आकाशझैँ
अनन्त फैलिएका छन् ।

यतिबेला सबै देशभक्तहरूको मनमा, मुखमा, ओठमा देशभक्तिका गीत, कविताहरू गुन्जिरहेको सुनिन्छ । शासकहरू जनताले देशको गाथा गुनगुनाएको सुन्न र सहन सक्तैनन् । जनताले देशको नाउँ लिएको उनीहरूलाई पच्दैन । शासकहरू मातृघाती छन् भने घामझैँ छर्लङ्ग छ तर पनि स्रष्टाहरू चिच्याइरहेका छन् शासकहरूले जनतालाई अझै भ्रममा पार्लान् भन्ने चिन्ताले । कवि जीवनमित्र पण्डित देशको माया हुनेहरूलाई राष्ट्रियता रक्षाका लागि उठ्न आह्वान गर्दै ‘देशको माया’ कवितामा भन्छन् :

देशको छ माया भने जाग, उठ
माटोको छ माया भने जाग, उठ
सुस्ता, कालापानी, लिपुलेक, तिलाठी
दसगजाको माया गर्न जाग, उठ ।

सगरमाथा हाम्रो भनी जाग, उठ
सीता, बुद्ध हाम्रा भनी जाग, उठ
आमा, दिदी, बहिनी, अस्मिता यो देशको !
रक्षा गर्न देशका सबै जाग, उठ ।

बेला बितिसक्यो सबै जाग, उठ
देश लुटिसक्यो, सबै जाग उठ
धैर्यताको सीमा नाघिसक्यो अब
नेपाली हौँ हामी, सबै जाग उठ ॥

नेपाल राम्रो छ । नेपालीहरू राम्रा छन् । खराब त यहाँको दलाल पुँजीवादी व्यवस्था र यहाँका लुटेरा शासकहरू मात्र छन् । मुलुकको प्राकृतिक सौन्दर्यको चर्चा गर्दै ‘देश लुटिँदा हाम्रो मुटु’ मा स्रष्टा डा. अच्युतशाली घिमिरे भन्छन् :

हाम्रो देश नेपाल
सुन्दर शान्त र विशाल,
अनि हिमालको उच्चतासँगै
गाँसिएको हाम्रो गौरव
र हाम्रो सार्वभौमिकता,
तर
हाम्रो सच्चा आर्यभावना
हार्दिकतापूर्वक व्यवहार
र सहिष्णु सम्बन्धमा
सधैँ धावा बोल्दै आइरहेको छ भारत
कहिले ठुल्दाइ त
कहिले नभइनहुने छिमेकी बनेर त
कहिले ‘रोटीबेटी’ को सम्बन्ध ब्युँताएर
कहिले पहाडमा नटिक्ने जवानी
र पानीको कथा सुनाएर
तर के गर्ने
भूपी शेरचनले भनेझैँ
‘हामी वीर छौँ
तर बुद्धू छौँ’
र त मोदीको विजयमा
जुलुस निकाल्न
वीरता हासिल गर्छौं तर
देशको समस्यामा बुद्धू भइराख्छौँ ।

आज नेपालको
लिम्पियाधुरा, लिपुलेक र कालापानी
दुखेको छ,
आफ्नै अङ्गलाई छुट्याउन खोज्दा
नेपाल आमालाई
चसक्क भएको छ ।
...
देशको माटो लुछिँदा
धेरैको मुटु रोएको छ ।...
नेपालको सीमाक्षेत्रमा एकतर्फी
बाँध, नहर, तटबन्ध र सडक बनाउँछ
तर हाम्रा नेता र मन्त्रीहरू
जनताको मतमा सिंहदरबार पुग्छन्
रङ बदल्छन्
नेपालीको पसिना पचाउँछन्
दिल्लीको रेड कार्पेटमा शरण पर्छन्
यसैगरी ‘लाहुरेको स्तुति’ स्रष्टा दिल थापा भन्छन् :

सन्देश लिएर आउँछ
हरेक बिहान कलिलो घामले
लाहुरे छोराको स्वाभिमान लिलामी भएको देशमा
मातृभूमि विस्तारवादको घेराबन्दीमा परेको छ भनेर

जब निलो आकाशका सीमारेखाहरूलाई
कालो बादलले घेराबन्दीमा पार्छ नि
अनि घामले किरणका बुलेटहरू प्रहार गर्छ
कालो बादलमाथि

आमा !
यो तिम्रो लाहुरे छोरो
कोखमा आएको दिनदेखि
लिलामीमा परेको छोरो
निलो आकाशलाई सधैँ सुरक्षा दिइरहने घाम पनि होइन
कुनै साम्राज्यवादले बनाएको बुलेट होइन
म त मेरा पुर्खाहरूले
अग्रीम बन्धकीमा राखिएको घामको किरण हुँ
मातृभूमितर्फ सोभिएको
विस्तारवादी बन्दुकको नाल
मेरो देशलाई दुखेको बेलामा,
मातृभूमिका पक्षमा हुनुपर्ने बेलामा
तर म लाहुरे छोरा
विपक्षमा
भारत माताकी जय शब्दावलीलाई
नशाहरूको ओदानमा तताएर गिदीमा ट्याटु खोपिरहेछु
कालापानीको बलौटे माटोमा लम्पसार परेर
विस्तारवादी बनमारा खेती गर्न हर प्रयास गर्छ
हामीलाई नै खेताला बनाएर हाम्रै कालापानीमा
बुटका ट्याक्टरहरू प्रयोग गरेर
दादागिरीको गोठहरू ठाउँठाउँमा खडा गरेर
म आजभोलि मनको मरुभूमिमा
देशभक्तिको बिरुवा खोजिरहन्छु ।

छिमेकी भनेको समस्या पर्दा सघाउने भरोसायोग्य साथी हुनुपर्ने हो तर हाम्रो दक्षिणी छिमेकी भारत जब नेपाल र नेपालीलाई समस्या पर्छ त्यत्ति नै बेला नाकाबन्दी लगाउँछ र भोकभोकै मार्छ । भूगोलमा आफूभन्दा सानो देश नेपालको सयौँ ठाउँमा सीमा मिच्छ, सिमानाका जङ्गे पिलरहरू सार्छ, फाल्छ र नेपाली भूमि आफ्नो देशमा गाभेर नक्सा निकाल्छ । ऊ हदैसम्मको ठुन्याहा, मिचाहा मात्र होइन, अत्याचार र अहङ्कारी पनि छ । त्यसैले देशभक्त नेपालीहरू उसलाई छिमेकी होइन, विस्तारवादी र साम्राज्यवादी नामले बोलाउँछन् । ‘छिमेकी सम्बन्ध’ मा स्रष्टा तोयनाथ भट्टराई भन्छन् :

नाताभित्र, त्यसमा पनि सत्तारूढ दलमा लागेको
उन्मादी छिमेकी परेछ भने
ब्वाँसाले झैँ पन्जा छिराएर
आन्द्रा चुँडाल्न खोज्छ !
पारिवरिक नातामा झन्
सार्वजनिक बाटो वा जमिनसमेत मिचेर
पर्खाल र फलामे ढोका लाउँछ
आपत् परेको बुझ्यो भने
बाटो छेकिने गरी गाडी राखेर अभर पार्छ ।
यसरी अघोषित नाकाबन्दी गर्छ ।
थिचोमिचो गरिरहन्छ
वैकल्पिक उपाय प्रयोग गरेको देख्यो भने
करेसा र बार्दलीमा निस्केर दारा किट्छ ॥
सदाचार र सदासयतालाई कमजोरी ठाने
पिर्नुसम्म पिर्छ पुरानो नाताको छिमेकीले !
किनकि उसलाई पीडित छिमेकीको आन्द्राभुँडी थाहा हुन्छ !
उसलाई लगाएका सारा गुन पचाउन नसकेपछि
एकमुष्ट शत्रुता गर्छ
उसले तिर्नुपर्ने सय भारी गुन खरानी पार्न
लुकेर अगुल्टो झोस्छ
अनि भित्रभित्रै नाता पोली खान्छ ॥

आज मुलुकलाई कालापानीजस्तै लिपुलेक र लिम्पियाधुरा पनि दुखिरहेको छ । कालापानीमा त साम्राज्यवादी सैनिक परेड खेलिरहेकै छन् । शासकहरू आफ्नो मालिकलाई रिफाउन आफ्नो भूमिबाट पराया सेना फिर्ता लग्न दबाब दिनसमेत सक्तैनन् किनकि उनीहरूले पराईको नुन र जुठोपुरो खाएका छन् । त्यसैले उनीहरू राष्ट्रियतामा आँच आउँदा पनि मालिकभक्ति गरिरहेका छन् । यस्तै सन्दर्भलाई समेत जोड्दै ‘नालापानी लिपुलेक’ सिर्जनामा स्रष्टा सूर्यप्रसाद खनाल भन्छन् :

## देशद्रोही' स्रष्टाहरूको ...

छड्के दौड्यो भारतको ऊँट
कैसे दिन्छौ घोडे चेक ?
नालापानी लिपुलेक
कल्ले देला पिउँसे चेक ?
सत्तापक्ष, प्रतिपक्ष ?
छौ कि कतै नतमस्त !
नालापानी लिपुलेक।
वल्लो हो कि पल्लो भेग
कठैबरै कल्ले गर्ला थुन छेक।
बुद्ध जन्मे यहाँ रे
उस्तै बन्यो त्यहाँ
कहाँ ?
यताकोले सोध्यो
यी यहाँ उताकाले भन्यो
खै कहाँ यताकाले भन्यो
हेर्छस् ? देखाइदिम ? धम्की दियो।
हजुर हैन,
होइन मैले
ऊ त्यसले भन्दै पो थियो।
जनता अलमल्ल
सास फेरेका बल्लबल्ल !
नालापानी लिपुलेक,
सिमानामा फलमल्ल।
प्रतिपक्ष ट्वाँ-ट्वाँ
सकार निदाउँदैछ फ्वाँ-फ्वाँ
नालापानी लिपुलेक
कसले देला घोडे चेक ?
कसरी होला थुनछेक ?
सरकार चलाउने ट्वाल्ल
होली वाइन पिउने हवाल्ल
सके टालटुल, नत्र पकछ्याल्ल

हिजोका विद्रोही नेताहरू आज राताराता विद्रोह त्यागेर शासकवर्गमा रुपान्तरित भए। हिजो दमन गर्ने शासकहरूको ठाउँमा आज उनीहरू पुगे। राष्ट्रियता, जनतन्त्र र जनजीविका फन् सङ्कटमा छन्। सडकमा विद्रोहको नारा उर्लिरहेकै छ। शासन र शासकहरूको नाउँ फेरिएको छ तर दमन अन्याय, अत्याचार उस्तै छ। फन्फन् चर्को बन्दै छ।

'बर्बाद भएँ म' शीर्षक सिर्जनामा स्रष्टा नारायण खनाल भन्छन् :

महोदय !
तपाईंको विजयका निम्ति
जीवनभर बोकेको आस्थालाई
तिलाञ्जलि दिई
तपाईंको आदेशसहितको
प्रसाद बोकेर गाउँ चहार्दै मैले
हातमा सुटुक्क प्रसाद थमाएर
कसैलाई नभन्नु भन्दै घरघरबाट फर्कें
तपाईंको प्यारो छद्मभेषी बनेर
पैसामा आदर्श बेच्दै
अर्कै परिवारको हितको निमित्त
आफ्नो परिवारका सदस्यको गला रेट्न
आफ्नै समूहमा छिपेर बसेँ
महोदय !
कृपया मेरो पीडा पनि त बुझ्नुस्
कति गाह्रो छ छद्मभेष, उफ् !
न आफ्नासँग टाढिएको देखाउन हुने
न तपाईंकासँग नरिसाएको छिपाउन हुने
न तपाईंसँग गाँसिएको कसैले भेटाउन हुने
जेनतेन बच्दै
सोफा कार्यकर्ता र जनतालाई भ्रममा पारेर
अहोरात्र तपाईंको लक्ष्य चुम्न दौडिरहेँ
तर महोदय !
तपाईंको जित त भयो, जित पछि
न खुसी मनाउन निधारमा अबिर लगाउन सकेँ

आज देशभक्त, क्रान्तिकारी, मार्क्सवादी स्रष्टाहरूले लेख्ने, गाउने गीत-सङ्गीतमा राष्ट्रियताको आवाज गहिरोसँग मुखरित भएको देखिन्छ। उनीहरू जनतन्त्र र जनजीविकाका प्रश्नहरूलाई आफ्ना सिर्जनाको केन्द्रबिन्दुमा राखिरहेका छन्। 'हेर भारत आइसक्यो हेपेर' शीर्षक गीतमा मार्क्सवादी स्रष्टा आरोह नेपाली भन्छन् :

हेर भारत आइसक्यो हेपेर
हामी कति बस्ने हो खपेर
देशका लागि अब त उठिदेऊ नेपाली
नेपाल आमा बचाउन जुटिदेऊ नेपाली
कालापानी, लिपुलेक, सुस्ता मिच्ने त्यही हो
नालापानी, लिम्पियाधुरा, टिस्टा लुट्ने त्यही हो
सधैँ हाम्लाई हेपिरहने मिचाहा त्यो जाली
सुन हाम्रो घरै फोर्न पस्यो यसपालि
कति बस्छौ अपमान सहेर
लडौँ अब एकजुट भएर
देशका लागि अब त उठिदेऊ नेपाली
स्वाभिमान जोगाउन जुटिदेऊ नेपाली

दुख्या छ कि दुख्या छैन देशभक्तको छाती
गिद्दे नङ्ग्रा पर्दा दुष्टको आफ्नै आमामाथि
तातै छ कि चिसियो वीरहरूको रगत
तीन कोटी योद्धाहरूको देखाइदिऊँ ताकत

पाका स्रष्टा नारायण शर्मा 'कमलप्रसाद' लाई पनि अहिले सत्ता र राष्ट्रियता बिफाएको छ। बेलाबेला उनी सत्ता र सरकारप्रति असन्तुष्टि पोखिरहन्छन्। उनी भन्छन् :

कोही किन बोलोस् !?
न्याय हराएको यो देशमा,
समानता गुमेको यो केसमा,
स्वतन्त्रता किनिएको यो ठाउँमा
र स्वाभिमान सिद्धिएको यो गाउँमा
कोही किन बोलोस् ?
कसलाई के मतलब छ र बोलोस् !?
आमाको अस्तित्व मेटिँदै गरेको यो अवस्थामा
सतीको सतीत्व लुटिइरहेको यो व्यवस्थामा
बहिनी बलात्कृत भएको योवनावस्थामा
र छोरीको अस्मिता लुटिएको यो बाल्यावस्थामा
कोही किन बोलोस् ?
केही दम भए पो बोलोस् !!
स्वदेशको साँध-सीमा मिचिएर के फरक पर्छ र ?
आफ्नो आँठो-किलो बढेको बढ्यै छ !
राष्ट्रको स्वाभिमान गुमेर पो के असर पर्छ र ?
आफ्नो-परिवारको अभिमान बढेको बढ्यै छ !
राष्ट्रिय स्वाधीनतामा कसैले धावा बोलेर के हुन्छ र ?
आफ्नो स्वेच्छाचारिता अभिवृद्धि भएकै छ !
प्रियसीको अस्मिता अपहृत भएर पो के हुन्छ र ?
आफू पदक, पैसा र पावरफुल पोस्टले पुरस्कृत भएकै छ !!
त्यसैले
कोही किन बोलोस् ?
मुखबुजो नलाएको भए पो बोलोस् !!
स्वदेशमा दादा पसेर हैकम चलाएर के भो ?
स्वभेषमा दलाल बसेर रकम बाँडेर के भो ?
बरु
ती दादाका खादा लाएमा प्यादा बन्न पाइन्छ पो !
दलालका हुकुम मानेमा रकम टन्न पाइन्छ पो !!...
बरु भन्छ-
गए केस इजलास जाओस् !
गए शेष मधेस जाओस् !!
गए भेष भासमा जाओस् !!!
गए देश भाँडमा जाओस् !!!!

स्रष्टा नारायण शर्माले राष्ट्रियता रक्षाका लागि सडकमा कोही पनि उत्रिएका छैनन्जस्तो भावना व्यक्त गरेका छन् तर त्यो सत्य होइन। आज शासकहरूबाहेक सिङ्गो जनसमुदाय राष्ट्रियता रक्षाको माग गर्दै सडकमा छ। उनले लक्षित गरेको समूह शासकवर्ग हो तर कविताले मात्रै त्यो कुरा बुफाउँदैन।

यसैगरी सत्ता र शासकप्रति कटाक्ष गर्दै स्रष्टा कृष्णशरण उपाध्याय भन्छन् :

अहा ! टल्कने लाल गाला तपाईं !
कसैको भिनाज्यू र साला तपाईं !
जुनै लाज का काम गर्नुस् तथापि
नबन्ने कुनै हाल काला तपाईं !
निचर्नुस् र खानुस् विकासे बजेट
पटक्कै नलाग्ने पखाला तपाईं !
दुराचार गर्नुस् बलात्कार गर्नुस्
र भिर्नुस् किलो बीस ( माला तपाईं !
अँध्यारै रहोस् देश को श्रीमुहार
हुनुस् दीप ( पाला उज्याला तपाईं !
मिलेका सबै भाइ मा फूट पार्नुस्
हुनुस् उच्च नेतृत्व वाला तपाईं !

यो साताको समय समीक्षाको अन्त्यमा कवि एवम् गीतकार हीरामणि दुःखीको सधैँ नालापानी र कालापानी दुखिरहने हाम्रो देशलाई जोगाउन लड्नैपर्ने भावको गीतका यी हरफहरू राख्दै कलम टुङ्ग्याउँछु :

इतिहास बोल्छ सधैँ लड्यौँ नालापानी
किन दुख्छ सधैँ मलाई मेरै कालापानी।
नेपालको सत्ता बाँच्छ बेच्दै नदी पानी
आँठो मिच्छ छिमेकीले गर्दै मनोमानी।
युवाजति बिदेसिन खोज्छ राहदानी
उब्जँदैन आफ्नै देशमा हाम्लाई रसदपानी।।
ब्याज खाँदै बस्यौँ भने किल्ला-काँगडा
भारतले पिलर सार्छ हाम्रो सिमानाका।
तर पनि चुपै बस्छ हाम्रो राजधानी
दिल्ली धाउँदै नेता गर्छन् कुर्सी खिचातानी ।।
इतिहास बोल्छ सधैँ लड्यौँ नालापानी
किन दुख्छ सधैँ मलाई मेरै कालापानी।

## वली सरकारको ...

अवस्थामा पनि छैन। राष्ट्रियताका पक्षमा गरिएका प्रदर्शनहरूमा समेत प्रशासनले बुट र लाठीको प्रयोग गर्दै नाङ्गो रूपमा दमन र हस्तक्षेप गरेको छ जसको कारण सरकार अफै जनताको दृष्टिमा अलोकप्रिय बन्दै गएको छ। यी सबै घटनाक्रमहरूले गर्दा पनि प्रधानमन्त्री केपी वलीको राष्ट्रवाद लम्पसारवादमा परिणत भएको सहजै अनुभूति गर्न सकिन्छ।

भारतले नेपाली भूमि हस्तक्षेप गरेर नक्सा सार्वजनिक गर्दा पनि भाषणमा बाहेक सरकारी तवरबाट कुनै ठोस प्रगति भएको देखिँदैन। राष्ट्रियताका पक्षमा आवाज उठाउने शक्तिमाथि प्रतिबन्ध लगाइएको छ। जनताले राष्ट्रियताका पक्षमा गरेका प्रदर्शनहरूमा हस्तक्षेप गरी निरङ्कुश पञ्चायती व्यवस्था र जहानिया निरङ्कुश राणा शासनको फल्को दिइएको छ। मानवतस्कर, लागूपदार्थ कारोबारीलाई छूट दिइएको छ। मानव तस्कर र लागूपदार्थको जालो कति धेरै बलियो भैसकेको छ भने नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नै अन्तर्राष्ट्रिय तस्करहरू सजिलै ओहोरदोहोर गरिरहेको प्रहरीको अपराध अनुसन्धान ब्युरोकै रिपोर्टले देखाएको छ।

ठूला र शक्तिसम्पन्न राष्ट्रहरूको दृष्टिमा परिरहेको स्वाधीन राष्ट्र नेपालमा विदेशी हस्तक्षेप र चलखेल निकै बढिरहेको छ। अमेरिकाले हिन्द-प्रशान्त रणनीतिबाट युरोपियन युनियनले सङ्घीयता र धर्मनिरपेक्षताका नामले भारतले हिन्दु धर्मका नामबाट हस्तक्षेप अघि बढाइरहेका छन्। सरकारले जतिसुकै शान्ति र समृद्धिको कुरा फलाके पनि देशमा शान्ति र समृद्धि उल्टो दिशातिरबाट भइरहेको छ।

## राष्ट्रिय जागरण मञ्च ...

हाम्रा वीर पुर्खाले नाकाम बनाइरहेका थिए।'

ज्ञापनपत्रमा अगाडि भनिएको छ, 'त्यही क्रममा तत्कालीन नालायक शासकहरूका कमजोरीका कारण सन् १८१६ मा कपटपूर्ण सुगौली सन्धिमा पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म, यस्तै उत्तरमा तिब्बततर्फ टासिल्हुन्पोसम्म तन्किएको र दक्षिणमा घाघरा-गङ्गा तथा यमुना-गङ्गा नदीको मैदानसम्म २,६७,५७५ वर्गकिलोमिटरमा फैलिएको नेपाल १,४७,१८१ वर्गकिलोमिटर मा खुम्चिन पुगेको थियो। तर अङ्ग्रेजले भारत छाड्दै गर्दा उक्त जमिन फिर्ता गर्नुपर्ने थियो। त्यसो गरिएन। त्यसपछि पनि लोकतान्त्रिक भनिएको छिमेकी राष्ट्र भारतका शासक-प्रशासकहरूले नेपाली भूमिमाथि गिद्देदृष्टि लगाइराखे। अहिले सुगौली सन्धि भएको २ सय ३ वर्ष पुगिसकेको छ।'

लोहनीको ज्ञापनपत्रमा भनिएको छ, 'त्यसपछि पनि नेपाली भूमिमाथि भारतीय अतिक्रमण बढ्दै गइराखेको छ। त्यसैको पछिल्लो संस्करण हो गत नोभेम्बर २ मा भारतले नेपाली भूमि हड्पिएको नक्सा सार्वजनिक गर्नु। नेपालमा राणा शासनको अन्त्य हुँदै अहिलेसम्म आइपुग्दा ७३ स्थानमा अतिक्रमण भएका र मिचिएका तथ्यहरू सार्वजनिक भैसकेका छन्। १५ मई २०१५ मा बेइजिङमा भारत र चीनबीच भएको भनिएको लिपुलेक सम्फौतामा लिम्पियाधुरादेखि लिपुलेकसम्मको ठूलो भूभाग भारतले हडपेको छ। अहिले आएर भारतले सार्वजनिक गरेको आफ्नो देशको नक्सामा ऊक्त भूभाग भारतमा परेको देखाइएकाले देशभक्त नेपाली जनता आक्रोशित हुन पुगेका छन् र देशभक्तिपूर्ण आन्दोलनमा सरिक भैराखेका छन्। नेपाली जनताले गर्दै आएको आन्दोलनले भारतीय शासकहरूको यस्तो साम्राज्यवादी नीति नेपाली जनतालाई कुनै पनि मानेमा स्वीकार्य हुन सक्दैन भन्ने पुष्टि गरेको छ।'

ज्ञापनपत्रमा अगाडि भनिएको छ, 'हुनत भारतीय शासकहरूले १९५० को सन्धिदेखि नै नेपालको राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा अतिक्रमण गर्दै आएका छन्। यस्तो हुनमा नेपालका शासकहरूको लम्पसारवादी नीति पनि जिम्मेवार छ। हामी चाहन्छौँ, नेपाल सरकार र भारत सरकारले वार्ताको माध्यमद्वारा समानासम्बन्धी सबै समस्याहरू समाधान गरून्। भारत र नेपालका बीचमा पञ्चशीलको सिद्धान्तका आधारमा परराष्ट्र सम्बन्धहरू कायम रहून्। यसका लागि भारतले अतिक्रमण गरेका कारण उसले बढी चासो देखाउन जरुरी छ र नेपाल सरकारले तत्कालै प्रयत्न गरोस्।'

संयोजक लोहनीको ज्ञापनपत्रको अन्त्यमा भनिएको छ, 'अहिले नेपाली जनता भारतीय अतिक्रमणकारी नीतिका विरुद्ध एक भएर सडकमा उत्रिरहेका छन्। हाम्रो अतिक्रमित सबै भूमि फिर्ता गरिएन भने नेपाली जनता ज्वारभाटा भएर उर्लिनेछन्। एकपटक विरासतका रूपमा रहेको वीर नेपालीको पहिचान साबित गर्न पछि पर्ने छैनन्। त्यसैले हामी नेपाल र भारतका बीचमा रहेका राष्ट्रियताका सबै समस्याहरू समाधान गरियोस् भन्ने चाहना राख्दछौँ। तसर्थ महामहिमभार्फत हाम्रो मञ्चको यो ज्ञापनपत्र भारत सरकारसमक्ष पुऱ्याइदिन आग्रह गर्दछौँ।'

## जनपत्रकारलाई ...

डोटी, बाजुरा, दार्चुलालगायत जिल्लाबाट प्रतिनिधित्व हुने गरी सहभागिता रहेको थियो। जनपक्षीय पत्रकारिता तालिममा जनपत्रकार सङ्गठनका अध्यक्ष डुम्रे, सङ्गठनका महासचिव बिष्ट र सङ्गठनकी कोषाध्यक्ष जानकी चौधरीले प्रशिक्षण दिएका। मङ्सिर १८ गतेदेखि सुरु भई शनिबार समापन भएको तालिममा संविधानसभाका पूर्वसदस्य पुरन राना थारू पनि उपस्थित थिए।

कार्यक्रमका प्रमुख अतिथि पुनले तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरेका थिए। राजेन्द्र क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य भावेश उपाध्यायले राखेका थिए भने कार्यक्रमको सञ्चालन रोशन खत्रीले गरेका थिए।

## नेकपाले गऱ्यो ...

विश्वास व्यक्त गरे।

यसैबीच नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चले पूर्वघोषित कार्यक्रमअनुसार सीमा बचाऊ अभियानले तयार पारेको नक्सा प्रचार कार्यक्रम सम्पन्न गरेको छ। मञ्चले काठमाडौँका विभिन्न ठाउँमा पर्चा वितरण तथा नक्सा प्रदर्शन गरेको हो। चाबहिल, सामाखुसी, नयाँबसपार्क, बालाजु, टोखा, बूढानीलकण्ठलगायत स्थानमा ब्यानर प्रचार तथा नेपालका लिपुलेक, कालापानी लिम्पियाधुर ासहित समेटिएको नक्सा, हाते प्रचार तथा तस्बिर प्रदर्शन गरी साम्राज्यवादी अतिक्रमण र सरकारी लाचारीको विरोध गरिएको समाचारमा जनाइएको छ। उक्त कार्यक्रमको नेतृत्व जनगतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य खेम प्रधानले गरेका थिए। विभिन्न ठाउँमा जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य, जिल्ला अध्यक्ष, जिल्ला संयोजक तथा जिल्ला सदस्य भेला भई हाते प्रचार सामग्री वितरण गरेर ब्यानर र फोटो प्रदर्शन गरिएको थियो।

फापाबाट प्राप्त समाचारअनुसार सीमा बचाऊ अभियानद्वारा जारी गरिएको नेपालको नक्सा फापाका दर्जनौँ स्थानमा प्रदर्शन गरिएको छ।

फापाका मुख्यमुख्य सहर र गाउँका १५ स्थानमा उक्त नक्सा प्रदर्शन गरिएको जानकारी फापाका जिल्ला सचिव श्रीजनले दिएका छन्। पार्टीमाथिको प्रतिबन्ध तथा फासिवादी सरकारको अनावश्यक धरपकड र दमनलाई चिर्दै आफूहरू राष्ट्र र जनताका पक्षमा दृढतापूर्वक लागेको उनले बताए। फापा पनि सीमा अतिक्रमणको चपेटामा परेको जिल्ला भएकाले जिल्लाका आमजनताको साथ र सहयोगमा अतिक्रमणविरुद्ध सशक्त प्रतिवाद गरिने उनको भनाइ थियो।

## सरकारलाई मानवअधिकार ..

निकायका सिफारिस सरकार र मातहतका निकायले कार्यान्वयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। एकातिर संवैधानिक सर्वोच्चता तथा कानुनी राज्य, त्यसमा पनि लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनिएको देशमा सरकार स्वयम्ले राजनीतिक दलमाथि नै असंवैधानिक तवरले प्रतिबन्ध लगाएको र कारबाहीका नाममा नागरिकको हत्या गरिरहेकोप्रति नागरिक अगुवा, मानवअधिकारवादीहरूले सरकारी काम-कारबाहीप्रति रोष व्यक्त गरिहेका छन्।

अर्कोतिर संवैधानिक निकायको सिफारिसलाई नै बेवास्ता गर्नुलाई सरकार अर्कै बाटोतिर गएको अनुमान गर्छन् आयोगका एक सदस्य। नेकपाका नेता कुमार पौडेलको हत्यामा संलग्न प्रहरीहरूलाई कारबाही गर्न आयोगले गरेको सिफारिस सरकारले कार्यान्वयन गरेको छैन। सिफारिस कार्यान्वयन नभएपछि आयोगका एक सदस्यले प्रश्न गरे, 'के विप्लव नेकपाका कार्यकर्ता यो देशका नागरिक होइनन् ? के उनीहरू मानिस होइनन् ? के उनीहरूले राजनीतिक आस्था राख्न पाउँदैनन् ? बडो गजबको लोकतान्त्रिक सरकार छ।'

नेपाल प्रहरीले भने आयोगको कारबाही सिफारिस कार्यान्वयन गर्न मन्त्रिपरिषद्बाट निर्देशन नआएको दाबी गर्दै संवैधानिक व्यवस्थाको उल्लङ्घन गरिरहेको बताइन्छ। पौडेलको हत्यामा संलग्न र गोली हान्न आदेश दिने उच्च प्रहरी अधिकारीलाई बचाउनकै लागि सरकारले आयोगको सिफारिस कार्यान्वयन नगरेको जानकारी गृह मन्त्रालय स्रोतले दिएको छ।


आयोगले स्थलगत छानबिन गरी नेकपाका सर्लाही इन्चार्ज पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै हत्यामा संलग्नलाई कारबाही गर्न कात्तिक ४ गत सरकार र नेपाल प्रहरीलाई सिफारिस गरेको थियो। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको प्रत्यक्ष नेतृत्वमा रहेको विशेष ब्युरोबाट प्रहरी निरीक्षकको नेतृत्वमा २ नं. प्रदेशमा खटिएका घुमुवाले पौडेलमाथि गोली हानी हत्या गरेको आयोगले जनाएको थियो। हत्यामा संलग्न तीनैजना ब्युरोबाट २ नम्बर प्रदेशअन्तर्गतका ८ वटा जिल्ला हेर्ने गरी खटिएको प्रहरी स्रोतले बताएको छ। पौडेलको गत असार ५ मा सर्लाहीको लालबन्दी- १ को लखन्देही जङ्गलनजिक गोली हानी हत्या गरिएको थियो।

## उपनिर्वाचनको ...

अवस्था आउने त्रास उत्पन्न भएको छ। त्यसको प्रभावसमेत नेपालमा परेको छ र सरकारले त्यो भार पनि बोक्नुपरेको छ।

सरकारको अर्थक्षमता शाही शासनकालको भन्दा फरक देखिएको छैन। महालेखा नियन्त्रकको कार्यालयका अनुसार दोस्रो चौमासिकको पुँजीगत खर्च (विकास खर्च) ६.७३ प्रतिशत मात्र भएको छ। पहिलो चौमासिकको अवस्था हेरेर समीक्षा बैठकमा प्रम वलीले दोस्रो चौमासिकमा पुँजीगत खर्च न्यूनतम् ५० प्रतिशत गर्न कडा निर्देशन गरेका थिए तर १० प्रतिशत पनि भएन। विज्ञहरूले सरकारको क्षमतामा प्रश्न उठाएका छन् भने निजी क्षेत्रले सरकारको इच्छाशक्ति नै कमजोर भएको आरोप लगाएको छ। विगतमा राजनीतिक अस्थिरता र स्थानीय तह जनप्रतिनिधिविहीन हुनुलाई पुँजीगत खर्च न्यून हुनुको कारण बताउँदै पन्छिने गरेका थिए। अहिले त्यो बहाना पनि रहेन। चितवन, भक्तपुर, धरानजस्ता सहरी र सचेत मतदाता भएकै क्षेत्रमा सत्तारूढ पार्टीको पराजय र दाङ तथा कास्कीमा घटेको मतले सरकारप्रति बढ्दो अलोकप्रियताको सङ्केत गरेको छ।

कास्कीमा विरासतलाई मतपेटिका प्रयोग गर्नु तर धरानमा मृतकको परिवारलाई टिकट नदिने दोहोरो मापदण्ड र भक्तपुरमा पार्टीभित्रको गुटबन्दी हारको कारणका रूपमा ठानिएको छ। चितवनमा माधव नेपाल पक्षधरहरू उम्मेदवार बन्नु र कमल पाठक, पार्वती रावल वली गुटका चुनाव प्रचार संयोजक हुनुलगायत गुटगत कारणले नै सरकारमा रहेको दल पराजित भएको ठानिएको छ। पूर्वमाओवादीकै एक पक्ष वर्षमान पुनका निजी सचिव डी.पी. ढकालालाई हराउन लागेको चर्चा पनि अर्थपूर्ण छ। काङ्ग्रेसले थोरै तर रणनीतिक महत्वका र सत्तारूढ दलभित्र मनोवैज्ञानिक दबाब पार्न सक्ने धरान र चितवनमा जित हासिल गरेको छ। मङ्सिर १ गते काठमाडौँको एउटा कार्यक्रममा प्रचण्डले 'उपनिर्वाचन सानोतिनो अग्निपरीक्षा' भनेको सन्दर्भ हेर्दा सरकारी दल र स्वयम् प्रचण्ड परीक्षामा अनुत्तीर्ण भएका छन्। वली र प्रचण्ड नै आआफ्नो क्षेत्रमा पराजित भएका छन्। काङ्ग्रेसले निर्वाचनअगाडि उपनिर्वाचनलाई 'जनमतसङ्ग्रह' भनेको थियो तर जनमतसङ्ग्रहमा काङ्ग्रेसले पुराना जितेका क्षेत्रहरू गुमायो। पुराना क्षेत्र कायम राखेर नयाँ खोस्न सकेको भए काङ्ग्रेसको जनमत बढेको मान्न सकिन्थ्यो। त्यस्तो पनि देखिएको छैन। पूर्वपञ्चहरू र कतिपय गैसस रूपका पार्टीहरूलाई पनि मतदाताले पत्याएनन्। मतदाता पछाडि फर्कन नचाहेको जनमत पनि देखियो। सारांशमा भन्दा सत्तारूढ पार्टीको बढ्दो अलोकप्रियता र परिवर्तन तथा देशभक्तिको चाहना नै निर्वाचनमा व्यक्त भयो। यद्यपि जनमतलाई सत्ताले यथार्थ प्रकट हुन दिएको छैन किनकि मतादेश नै जनादेश नहुन पनि सक्छ।

८ | २०७६ मङ्सिर २५ गते बुधबार Wednesday, 11 Dec 2019 | हुलाक द. नं. ११/०७२/७३ | काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ | वर्ष ५, अङ्क २४, पूर्णाङ्क २१९ | रातोखबर

# साम्राज्यवादी हस्तक्षेपविरुद्ध नक्सा प्रदर्शन र सभा




**रातो खबर संवाददाता**/कैलाली

अखिल क्रान्तिकारी जिल्ला समिति कैलालीले भारतीय हस्तक्षेपविरुद्ध विभिन्न विद्यालयका विद्यार्थीहरुसहित र्‍याली निकाल्दै नेपालको नक्सा प्रदर्शन गरेको छ। नक्सा प्रदर्शनसँगै सङ्गठनले कोणसभा पनि आयोजना गर्‍यो। कोणसभाको सञ्चालन सङ्गठनका जिल्ला सचिव महेश पातलीले गरेका थिए भने सङ्गठनका केन्द्रीय सदस्य बबरजङ्ग सिंहले कोणसभालाई सम्बोधन गरेका थिए।

# भारतीय अतिक्रमणका विरुद्ध चितवनमा बृहत् जनप्रदर्शन



**रातो खबर संवाददाता**/चितवन

सरकार र सदन गैरजिम्मेवार भइरहेको समयमा आइतबार चितवनमा नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) र अन्य जवसको संयुक्त आयोजनामा राष्ट्रिय स्वाधीनताका पक्षमा बृहत् जनप्रदर्शन भएको छ।

वीरेन्द्र क्यम्पसबाट दिउँसो १२ बजे हजारौँको सहभागितामा 'कालापानी हाम्रो हो, लिम्पियाधुरा हाम्रो हो, लिपुलेक हाम्रो हो, भारतीय सेना कालापानी छोड्, भारतीय साम्राज्यवाद मुर्दावाद' लेखिएका प्लेकार्ड, राष्ट्रिय झन्डा, जवस मोर्चाहरूको झन्डा बोकेको जुलुस, सहर परिक्रमा गर्दै पुल्चोकमा गई कोणसभामा परिणत भइको थियो।

कोणसभाको सञ्चालन सुमनले गरेका थिए। कोणसभालाई विद्यार्थी नेता सुदीप पौडेल र अखिल (क्रान्तिकारी) चितवन जिल्ला संयोजक रेम्बोर्जे लामाले सम्बोधन गरेका थिए। संयोजक लामाले सम्बोधन गर्दै भने, 'भारतीय साम्राज्यवादले भर्खरै प्रकाशन गरेको राजनीतिक नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरालाई राखेको छ। यो हाम्रो भूमिमाथि भारतीय साम्राज्यवादले गरेको हस्तक्षेपको घोर भर्त्सना गर्दछु। साथै वर्तमान दलाल सामाजिक फासिवादी सरकारको नेतृत्व गरेको केपी वली भारतीय साम्राज्यवादको अगाडि लम्पसार परेको छ। सबै देशभक्त, प्रगतिशील, राष्ट्रवादी शक्तिहरूलाई भारतीय हस्तक्षेपका विरुद्ध संयुक्त प्रतिरोध सङ्घर्ष गर्न आह्वान गर्दछु।'

"भविश्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस्।"

हाम्रा सेवाहरु

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवनसाथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान
प्रधान कार्यालय : रामशाहपथ, काठमाडौं
फोन नं. ०१-४२६२६१०, पो.ब. ५२७, फ्याक्स नं. ०१-४२६२६१०
इमेल :bema@wlink.com.np, वेभसाईट : www.beema.com.np

# राष्ट्रियता रक्षाका लागि सर्जकहरू सडकमा

**रातो खबर संवाददाता**/काठमाडौं




कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत देशका विभिन्न भूभागहरूमा भारतीय हस्तक्षेप र सीमा अतिक्रमणका विरुद्ध देशभक्त तथा क्रान्तिकारी कवि/सर्जकहरूले सडक कविता आन्दोलनको सुरुआत गरेका छन्। काठमाडौँको गोङ्गबु चोकमा मङ्गलबार सम्पन्न सडक कविता आन्दोलनमा १५ भन्दा बढी विभिन्न कविहरूले सीमा अतिक्रमण र भारतीय हस्तक्षेपका विरुद्ध कविता वाचन गरेका थिए।

कार्यक्रममा युवा साहित्यकार रसुवाली कवि, अखिल नेपाल लेखक सङ्घका केन्द्रीय सदस्यसमेत रहेका कवि बीपी विद्रोही, महेन्द्र थुलुङ राई, दिपेन सिम्खडा, साहित्यकार रत्नप्रसाद अनामणि, विज्ञान शर्मा, दामोदर ढकाललगायत स्रष्टाले कविताका माध्यमबाट राष्ट्रियता रक्षाको माग गरे।

कार्यक्रममा दर्जनौँ स्थानीय बासिन्दाको उपस्थिति रहेको जनाइएको छ। कार्यक्रममा कविता वाचन गर्दै कवि एवम् सडक कबिता आन्दोलनका अभियन्ता रसुवाली कविले राष्ट्रियता सङ्कटमा परेको बेला सबै कवि, सर्जक एवम् साहित्यकारहरूलाई सडकमा ओर्लिन आह्वान गरेका थिए।

त्यस्तै अर्का सर्जक एवम् अभियन्ता बीपी विद्रोहीले सडक कविता आन्दोललाई निरन्तरता दिने बताए। राष्ट्रियता सङ्कटमा परेको समयमा नेपाल कम्युनिस्ट पार्टीले पहिलो चरणको सङ्घर्षको कार्यक्रम सम्पन्न गरी दोस्रो चरणको आन्दोलन स१ञ्चालन गरिरहेको समयमा कविहरू सडकमा ओर्लिनुलाई निकै महत्वका साथ हेरिएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

यात्रुवाहक सार्वजनिक सवारीमा फोहोरको व्यवस्थापन गर्ने सम्बन्धी सूचना

यात्रुवाहक सार्वजनिक यातायातका साधनहरुमा यात्रा गर्ने यात्रुहरुले फाल्ने फोहोरहरुको व्यवस्थापन गर्न सवारी साधन भित्र डस्विन अनिवार्य राख्ने, सवारी साधनको नियमित सरसफाई, मर्मत सम्भार गरी यात्रु बस्ने सिटको सरसफाई गर्न, चालक/सहचालकहरुले यात्रुहरुलाई शिष्ट, सभ्य व्यवहार गर्न र यात्रा अवधिमा सवारी साधनको झ्याल/ढोकाबाट फोहोर नफाली डस्विनमा राख्न सबै यात्रुवाहक सार्वजनिक यातायात सेवा संचालक, चालक/सहचालक र यात्रुहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। नियमको उल्लंघन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

## स्वाधीनता सुशासन र ...

भएका छन्। राजनीतिक दल, नेतृत्व, प्रशासन, सुरक्षानिकाय यी सबैप्रति जनविश्वास गुम्दै गएको देखिन्छ। संविधानमा कल्याणकारी राज्यव्यवस्थाका प्रावधानहरू थुप्रै लेखिएका छन्। तर कार्यान्वयन हुँदैनन् कार्यान्वयन पात्रले हैन सिङ्गो सत्ता सञ्चालन गर्ने दलालहरूले हुन नदिएको स्पष्ट भैरहेको छ। राजतन्त्रात्मक पञ्चायती व्यवस्था, राजतन्त्रात्मक संसदीय व्यवस्था हुँदै आएको लोकतान्त्रिक गणतन्त्रात्मक भनिएको व्यवस्थामा समेत जनताको उत्पीडन, विभेद, भ्रष्टाचारलगायत विकृतिहरू यथावत् रहे। जनताले परिवर्तनको अनुभूति गर्न सकेको देखिएन। समग्र वर्तमान राज्यसत्तामा भएका राजनीतिक दलहरूमध्ये आफूलाई साम्यवादी भन्ने दल सरकारमा छ। उदारवादी पुँजीवादी धारको प्रतिनिधित्व गर्ने दल प्रतिपक्षमा छ। त्यसैगरी आफूलाई पहिचानवादी भन्ने दलहरू पनि सरकार र प्रतिपक्षको वरिपरि छन् भने समग्र वर्तमान संसदीय राज्यसत्ताबाहिर रहेका केही राजनीतिक शक्तिहरू जसले वर्तमान संसदीय व्यवस्था दलालहरूद्वारा सञ्चालित भएको हुँदा यसको विकल्पमा आफूहरूले वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापनाको कुरा गरिरहेका छन्। प्रस्तुत विषय आमसमुदायबीच बहसको विषय हुनुपर्ने आजको अपरिहार्य आवश्यकता भएको छ।

*(अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका सन्दर्भमा मिति २०७६।०८।२० मा राष्ट्रिय नाचघरमा प्रस्तुत आधारपत्र)*

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, कार्यकारी सम्पादक : **प्रकाश डुम्रे**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ